
# बाह्य मिचाहा प्रजाति व्यवस्थापन राष्ट्रिय रणनीति तथा कार्यान्वयन योजना, २०८१



नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र
बबरमहल, काठमाण्डौ
२०८१

# बाह्य मिचाहा प्रजाति व्यवस्थापन राष्ट्रिय रणनीति तथा कार्यान्वयन योजना, २०८१


नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र

बबरमहल, काठमाण्डौ

२०८१

**प्रकाशकः**
नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र
बबरमहल, काठमाडौं
www.frtc.gov.np

**आवरण पृष्ठः** नेपालमा पाइने वाह्य मिचाह वनस्पति प्रजातिहरु (फोटो सौजन्यः प्रा. डा. भरत बाबु श्रेष्ठ, डा. राजेन्द्र केसी, श्री सुनिता उलक, श्री प्रतिक पाण्डे)

**अन्तिम पृष्ठः** महेन्द्र लोकमार्गसँगै रहेको विद्युत प्रसारण लाइनको खुला जमिनमा फैलिएको माइकेनिया (*Mikania micrantha*) (फोटो सौजन्यः श्री सुनिता उलक)

**स्वीकृत मितिः** वि.सं. २०८१/१२/१७ (नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय, माननीय मन्त्रीस्तरको निर्णय)

**प्रकाशित प्रतिः** १००० प्रति

**मुद्रणः**
एम.एस. अफसेट प्रेस
काठमाडौं
फोनः ५९०४३८८

माननीय ऐन बहादुर शाही ठकुरी
मन्त्री
वन तथा वातावरण मन्त्रालय
सिंहदरवार, काठमाडौं नेपाल ।

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

Hon'ble. Ain Bahadur Shahi Thakuri
Minister
Ministry of Forests and Environment
Singha Durbar, Kathmandu

# मन्तव्य



नेपालको वन, वन्यजन्तु, वनस्पति, स्थानीय पर्यावरण तथा जैविक विविधता हामी सबैको अमूल्य निधी हो। यिनै प्राकृतिक स्रोत र साधनको समुचित उपयोग र बैज्ञानिक व्यवस्थापन मार्फत समृद्ध नेपाल र सुखी नेपालीको राष्ट्रिय अभिलाषालाई सफल बनाउनु पर्दछ । तर, पछिल्ला वर्षहरूमा बाह्य मिचाहा प्रजातिहरूको अनियन्त्रित विस्तारले हाम्रो वन, वातावरण, कृषि, र प्राकृतिक स्रोतसाधनमा गम्भीर असर पुर्‍याउँदै गएको छ।

जान-अन्जानमा नेपाल भित्रिएका यसता स्थानीय प्रजाति तथा पर्यावरणलाई अतिक्रमण गरी ब्यापक विस्तार र विकास हुँदै गएको बाह्य मिचाहा प्रजातिहरु केवल वातावरणीय समस्या मात्र नभएर समग्र राष्ट्रकै सामाजिक-आर्थिक चुनौतीको रुपमा देखापरेका छन्। जसले मानव जीवन र जीविकोपार्जनमा प्रत्यक्ष नकरात्मक प्रभाव पारिरहेको छ।

यस जटिल समस्याको दीर्घकालीन समाधानका लागि नीति, योजना तथा वैज्ञानिक अनुसन्धान आवश्यक छ। यसै सन्दर्भमा तयार पारिएको **"बाह्य मिचाहा प्रजाति व्यवस्थापन राष्ट्रिय रणनीति तथा कार्यान्वयन योजना, २०८१"** लाई नेपाल सरकार वन तथा वातावरण मन्त्रालयले स्वीकृत गरी सबै सरोकारवाला निकाय र संघसंस्थाको सहयोग समन्वय र सहकार्यमा सञ्चालन गर्नेछ ।

यस महत्त्वपूर्ण दस्तावेजले बाह्य मिचाहा प्रजातिले पारेको वर्तमान समस्या पहिचान गर्दै समाधानका प्रभावकारी उपायहरू प्रस्तुत गरेको छ। यस रणनीति तथा कार्यान्वयन योजनाले नेपालमा बाह्य मिचाहा प्रजातिहरूको प्रभावकारी व्यवस्थापनका लागि स्पष्ट दिशानिर्देश गर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा नीतिगत, प्राविधिक, कानूनी तथा संस्थागत संरचनाको सुदृढीकरण गर्ने विश्वास लिएको छु।

यस दस्तावेजको तयारीमा वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र परिवार, विशेष गरी केन्द्रका महानिर्देशक डा. राजेन्द्र के.सी. तथा उपसचिव सुनिता उलकको समर्पित योगदानको उच्च प्रशंसा गर्दछु। साथै, नीति निर्माणमा संलग्न अनुसन्धानकर्ता, विज्ञ, प्राविधिक तथा सरोकारवालाहरूलाई धन्यवाद दिन चाहन्छु।

यो रणनीतिले बाह्य मिचाहा प्रजातिहरूको व्यवस्थापनका लागि ठोस मार्गचित्र प्रस्तुत गर्दै प्रभावकारी समाधानका उपायहरू अघि सारेको छ। सरकार, नीति निर्माताहरू, सरोकारवाला निकायहरू र नागरिक समाजबीचको सहकार्यले मात्र यो चुनौतीलाई समाधान गर्न सकिन्छ, तसर्थ म मन्त्रालयको तर्फबाट यो रणनीतिको सफल कार्यान्वयनका लागि सबै सरोकारवालाहरूको सक्रिय सहभागिताको अपेक्षा गर्दछु। नेपाल सरकार जैविक विविधता संरक्षण तथा पारिस्थितिकीय प्रणालीको दिगोपन सुनिश्चित गर्न सदैव प्रतिबद्ध छ।

**मा. ऐन बहादुर शाही ठकुरी**
मन्त्री
वन तथा वातावरण मन्त्रालय

माननीय रुपा बि.क.
राज्य मन्त्री
वन तथा वातावरण मन्त्रालय
सिंहदरवार, काठमाडौं नेपाल ।

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

Hon'ble. Rupa B.K.
State Minister
Ministry of Forests and Environment
Singha Durbar, Kathmandu

च.नं.                                                                                    मिति:–

# मन्तव्य



विविध भौगोलिक तथा जलवायुका कारण नेपाल जैविक विविधताले सम्पन्न राष्ट्र हो । यहाँका वन, नदी, ताल, तथा कृषि प्रणालीमा मिचाहा प्रजातिको प्रभाव दिनानुदिन बढ्दै जानु गम्भीर पर्यावरणीय संकटको सूचक हो। यी मिचाहा प्रजातिहरूको नकारात्मक प्रभावबाट हाम्रा रैथाने वनस्पति, वन्यजन्तु, माटोको उर्वराशक्ति, तथा जल स्रोतको संरक्षण गर्नु आजको आवश्यकता हो।

हाम्रा महत्वपूर्ण पारिस्थितिकीय प्रणाली, जैविक विविधता, कृषि, वन, र जल स्रोतको संरक्षण गर्न बाह्य मिचाहा प्रजातिको रोकथाम, नियन्त्रण तथा व्यवस्थापन अति आवश्यक छ। यो चुनौतीलाई सम्बोधन गर्दै, **नेपाल सरकारले बाह्य मिचाहा प्रजाति व्यवस्थापन राष्ट्रिय रणनीति तथा कार्यान्वयन योजना २०८१** लाई स्वीकृत गरी प्रभावकारी कार्यान्वयनको दिशामा ठोस कदम चालेको छ। यस रणनीति तथा कार्यान्वयन योजनाले बाह्य मिचाहा प्रजातिहरूको रोकथाम, नियन्त्रण, तथा व्यवस्थापनका लागि रणनीति, कार्यनीति, कार्यक्रम, तथा कार्यान्वयन प्रणालीलाई एकीकृत गर्ने महत्वपूर्ण आधार प्रदान गरेको छ।

यस महत्त्वपूर्ण कार्यमा योगदान पुऱ्याउने वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रका सम्पूर्ण अनुसन्धानकर्ता, विज्ञ, प्राविधिक तथा यसको निर्माणमा संलग्न सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु। विशेष गरी, महानिर्देशक डा. राजेन्द्र के.सी. तथा वरिष्ठ अनुसन्धान अधिकृत सुनिता उलकलाई विशेष धन्यवाद दिन चाहन्छु।

वन तथा वातावरण मन्त्रालय यस रणनीतिको प्रभावकारी कार्यान्वयनका लागि प्रतिबद्ध छ। स्थानीय, प्रदेश तथा संघीय सरकारबीच समन्वय गर्दै, मिचाहा प्रजातिको नियमन तथा व्यवस्थापन गरी हामी पारिस्थितिकीय प्रणालीको सन्तुलन कायम राख्न सफल हुनेछौं। समृद्ध नेपाल, स्वच्छ वातावरण र दिगो विकासको दिशामा यो रणनीति कोसेढुङ्गा सावित हुनेछ भन्ने हाम्रो विश्वास छ।

**मा. रुपा वि.क.**
राज्य मन्त्री
वन तथा वातावरण मन्त्रालय

नेपाल सरकार

# वन तथा वातावरण मन्त्रालय

EX: वो.ब.नं.: ३९८७
सिंहदरबार, काठमाडौं

पत्र संख्याः-
चलानी नं.:-
प्राप्त पत्र संख्या र मितिः-

## मन्तव्य



बढ्दो विश्वव्यापी व्यापार, पर्यटन, यातायात, मानिसको आवतजावत तथा अन्य सामग्रीको खुल्ला आयात निर्यात साथै जलवायु परिवर्तनका कारण विश्वभरि नै वाह्य मिचाहा प्रजातिको संख्या, फैलावट र भयावता दिनानुदिन बढिरहेको छ। वाह्य मुलुकमा उत्पत्ति भएका र विभिन्न माध्यमबाट जानाजान तथा अन्जानमा नेपाल भित्रिएका मिचाहा प्रजातिहरूले नेपालको वन, संरक्षण क्षेत्रहरु, घाँसे मैदान, चरन क्षेत्र, तालतलैया तथा सिमसार, बाँझो छोडिएका कृषि क्षेत्रहरु र शहर भित्रका खुल्ला क्षेत्र, पार्क तथा उद्यानहरुमा आक्रमण गरी निकै ठूलो समस्याहरु निम्ताएको पाइन्छ ।

बढ्दो बाह्य मिचाहा प्रजातिको प्रवेश, फैलावट र विस्तारबाट पर्यावरण, वनस्पति, वन्यजन्तु तथा मानव स्वास्थ्यमा समेत प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा नकारात्मक असर तथा प्रभाव पार्दै आइरहेको छ। विश्वव्यापी रुपमा जैविक विविधता ह्रास हुनाका विभिन्न कारणहरूमध्ये वाह्य मिचाहा प्रजातिको फैलावट दोश्रो प्रमुख कारण भएको तथ्य अनुसन्धानले स्थापित गरेको छ।

नेपालमा दिनानुदिन नयाँ वाह्य मिचाहा प्रजातिहरू देखापर्दै आइरहेको छ जसले नेपालको महत्वपूर्ण जैविक विविधता तथा पारस्थितिकीय प्रणालीमा नकारात्मक असर पारिसकेको छ। वन क्षेत्रमा लहरे वनमारा, कालो वनमारा, सेतो वनमारा, वनफाँडा; सिमसार क्षेत्रमा जलकुम्भी; कृषि क्षेत्रमा निलो गन्धेझार; चरण क्षेत्रमा पाती झार र वन सिलाम जस्ता मिचाहा प्रजातिले गर्दा प्रकृति, मानिसको लागि प्रकृतिको योगदान र गुणस्तरीय जीवनको लागि चुनौति थपिदै आएको छ। साथै फौजी कीरा र ठूलो शंखे किराले कृषि क्षेत्रमा उल्लेख्य हानी नोक्सानी पुऱ्याएको छ।

यस समस्यालाई प्रभावकारी रूपमा समाधान गर्नका लागि तयार पारिएको **'बाह्य मिचाहा प्रजाति व्यवस्थापन राष्ट्रिय रणनीति तथा कार्यान्वयन योजना, २०८१'** एक महत्वपूर्ण दस्तावेज हो, जसले वर्तमान समस्याहरूको पहिचान गर्दै समाधानका लागि मार्गदर्शन प्रदान गर्छ । यस रणनीति तथा कार्यान्वयन योजनाले नेपालमा बाह्य मिचाहा प्रजातिहरूको नियन्त्रण, रोकथाम तथा व्यवस्थापन गर्न समग्र नीति तथा योजनाहरूलाई समेटेको छ।

यस रणनीतिको तयारीमा अहम् भूमिका निर्वाह गर्नुहुने वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रका महानिर्देशक डा. राजेन्द्र के.सी., उपसचिव सुनिता उलक, विभिन्न विज्ञ महानुभावहरु, अनुसन्धानकर्ता, प्राविधिक तथा अन्य सरोकारवालाहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु।

यसले राष्ट्रिय स्तरमा मात्र नभई अन्तर्राष्ट्रिय रूपमा पनि समन्वय र सहकार्यलाई प्रोत्साहन गर्नेछ। रणनीतिको प्रभावकारी कार्यान्वयनका लागि संघीय, प्रादेशिक, तथा स्थानीय तहबीचको समन्वय, साझेदारी र सहकार्य अपरिहार्य छ। सरकार, नागरिक समाज, अनुसन्धानकर्ताहरू, स्थानीय समुदाय तथा सम्पूर्ण सरोकारवालाहरूको सहकार्य बिना बाह्य मिचाहा प्रजाति व्यवस्थापन सम्भव छैन। तसर्थ, म सबैलाई आ-आफ्नो तर्फबाट पूर्ण सहयोग गर्न आग्रह गर्दछु।

**डा. दिपक कुमार खराल**
सचिव
वन तथा वातावरण मन्त्रालय

नेपाल सरकार
**वन तथा वातावरण मन्त्रालय**
**वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र**
(.................................................महाशाखा)

महानिर्देशक : ५३३३५१०, ५३६९४९१
उप–महानिर्देशक : ५३२४९४३, ५३५६४६९
५३१५१२९
प्रशासन शाखा : ५३२०४८२, ५३२२६०१
आर्थिक प्रशासन शाखा : ५३२७८९१
योजना : ५३२०१५९
तालीम : ५३२३७३१
५३२२७०८

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र
बबरमहल, काठमाण्डौ

पत्र संख्याः–
चलानी नं.ः–

# आभार तथा कृतज्ञता



बाह्य मिचाहा प्रजाति पछिल्ला वर्षहरुमा संसारभरिनै एउटा ठूलो सामाजिक, सांस्कृतिक-आर्थिक तथा पर्यावरणीय समस्याको रुपमा देखा पर्दैछ। मानव समुदायका विभिन्न गतिविधिहरुबाट कुनै प्रजातिको प्राकृतिक दायरा र क्षेत्रभन्दा बाहिर प्रवेश गरी स्थानीय प्रजातिहरुलाई हटाई वा घटाई आफ्नो व्यापक फैलावट गरी आफूलाई स्थापित गर्ने बाह्य मिचाहा प्रजाति जैविक आक्रमण (Biological invasions) को रुपमा लिइने गरेको छ। यस पृथ्वीबाट विभिन्न प्रजातिहरुको लोप हुन र जैविक विविधता नाश हुनमा बाह्य मिचाहा प्रजातिको बढ्दो प्रकोप र यसले पुऱ्याएको नकरात्मक असरलाई प्रमुख कारकको रुपमा लिने गरिएको छ। जैविक विविधता र पारिस्थितिक प्रणाली सेवाहरूमा अन्तरसरकारी विज्ञान-नीति प्लेटफर्म (IPBES ) ले सन् २०२३ मा प्रकाशन गरेको प्रतिवेदन अनुसार संसारमा पर्यावरण, प्रकृति र मानव समुदायलाई नकरात्मक असर पुऱ्याउने करीब ३५०० प्रजातिका बाह्य मिचाहा प्रजातिहरु भएको उल्लेख गरेको छ। यसमध्ये करीब १०६१ प्रजातिका वनस्पति, १८५२ प्रजातिका मेरूदण्ड रहित जीव (Invertebrates), ४६१ प्रजातिका मेरुदण्डीय जीव (Vertebrates) र १४१ प्रजातिका शुक्ष्मजीवहरु विश्वव्यापीरुपमा मिचाहा प्रजातिका रुपमा व्यापक रहेका छन्। यसै प्रतिवेदनले बाह्य मिचाहा प्रजातिले मानव समुदायको हितमा लाभ प्रकृतिले पुऱ्याउने लाभ र यसको व्यवस्थापनमा मानवले गर्ने खर्चलाई आँकलन गर्दा यसको असर सन् २०१९ मा वार्षिक ४ खर्ब २३ अर्ब अमेरिकी डलर बराबरको आँकलन गरेको छ र यो आर्थिक नोक्सानीको परिमाण वर्षेनी अत्याधिक बढ्दै गइरहेको छ।

नेपालमा पनि दशकौ देखि विभिन्न मिचाहा वनस्पति तथा जीवहरु प्रवेश गरी आफूलाई स्थापित गरिरहेका छन्। नेपाल भारतको खुल्ला सिमाना र निर्वाध आवतजावत, विश्वव्यापीकरण, खुल्ला अर्थतन्त्र र बढ्दो व्यापार, पर्यटकहरुको आवतजावत लगायतका विभिन्न कारणहरुले बाहय मिचाहा प्रजातिहरुको नेपाल प्रवेश र फैलावटको दर र मात्रालाई बढाई रहेको छ। यसले हाम्रो जल, जमिन, जंगल तथा आकास सबैतिर आक्रमण गरी अत्याधिक आर्थिक सामाजिक तथा पर्यावरणीय क्षति पुऱ्याइरहेको छ। यसरी नै बाह्य मिचाहा प्रजातिको खुल्ला प्रवेश गर्ने, नेपालको हावापानीमा स्थापित र बिस्तार हुने हो भने यसले भविष्यमा कठीन समस्याहरु ल्याउने र यसलाई नियन्त्रण गर्न हाम्रो सामर्थ्य भन्दा अत्याधिक बढी साधन, स्रोत र समयको लगानी गर्नुपर्ने हुन्छ। यसरी नेपालमा प्रवेश गर्ने बाह्य मिचाहा प्रजातिलाई समयमा नै चिन्ने, यसको प्रवेश रोक्ने, प्रवेश भइसकेकालाई देखापर्ना साथ नियन्त्रण गरी फैलिन नदिने र फैली सकेकालाई विभिन्न माध्यम र प्रविधि प्रयोग गरी नियन्त्रण गर्ने उद्देश्यले विभिन्न सरोकारावालाहरुको सहयोग, समन्वय र सहकार्यमा यस बाह्य मिचाहा प्रजाति व्यवस्थापन राष्ट्रिय रणनीति तथा कार्यान्वयन योजना, २०८१ तयार गरी नेपाल सरकार वन तथा वातावरण मन्त्रालयले स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ।

यस बहुप्रतिक्षित रणनीति तयार गर्न हामीलाई अभिप्रेरित गर्ने र यसको स्वीकृतिका लागि माननीय वन तथा वातावरण मन्त्री श्री ऐन बहादुर शाही ठकुरीज्यू, माननीय राज्य मन्त्री रुपा वि.क.ज्यू र श्रीमान् सचिव डा. दीपक कुमार खरालज्यू प्रति हार्दिक आभार तथा कृतज्ञता व्यक्त गर्दछु। यसैगरी यसलाई स्वीकृति प्रक्रियामा सहजिकरणका लागि वन तथा वातावरण मन्त्रालयका वन अधिकृत श्री नविननाथ चालिसे, उपसचिव श्री दिपा वली र योजना अनुगमन तथा समन्वय महाशाखा प्रमुख तथा सहसचिव श्री शिव कुमार वाग्ले प्रति आभार व्यक्त गर्दछु।

यस रणनीतिको मस्यौदाहरु अध्ययन गरी यसलाई बढी प्रभावकारी र कार्यान्वयन योग्य बनाउन सल्लाह र सुझाव प्रदान गर्ने अर्थ मन्त्रालय, कृषि तथा पशुपंछी बिकास मन्त्रालय र यस मातहतका कृषि विभाग, प्लाण्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्र, वन तथा वातावरण मन्त्रालय र यस मन्त्रालय मातहतका वन तथा भू-संरक्षण विभाग, वनस्पति विभाग, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, वातावरण विभाग, रेड कार्यान्वयन केन्द्र, लगायत सबै प्रति हार्दिक आभार तथा कृतज्ञता अर्पण गर्दछु। यस रणनीति तयारीमा अथक मेहनत गर्ने यस केन्द्रकी उपसचिव श्री सुनिता उलक र यसको मस्यौदालाई समीक्षा गरी सुझाव प्रदान गर्ने प्रा. डा. भरतबाबु श्रेष्ठ, प्रा. डा. पि.के झा, प्रा. डा. राजेश राई, डा. मोहन शिवाकोटी, डा. राम प्रसाद चौधरी, डा.बुद्धि सागर पौडेल, श्री धिरेन्द्र कुमार प्रधान, श्री महेश आचार्यज्यूलाई धेरै धेरै धन्यबाद व्यक्त गर्दछु। यस रणनीति तयारीमा योगदान गर्ने यस केन्द्रका उपमहानिर्देशक त्रय श्री रविन्द्र महर्जन, श्री राजेन्द्र बासुकला र डा. राजेश मल्ल, उपसचिवहरु श्री विमल कुमार आचार्य, श्री राजकुमार गिरी, श्री मिलन ढुँगाना, श्री ठाकुर सुवेदी, बैज्ञानिक अधिकृत डा. सिर्जना महर्जन र अनुसन्धान अधिकृत श्री प्रतिक पाण्डेलाई धन्यबाद व्यक्त गर्दछु।

यस रणनीति तथा कार्यान्वयन योजना सञ्चालन गरी नेपालमा बाह्य मिचाहा प्रजातिको समस्या समाधानमा सहयोग, समन्वय र सहकार्यका लागि स्थानीय सरकार, प्रदेश सरकार तथा संघीय सरकार, सबै सरोकारवालाहरु, सरकारी तथा गैरसरकारी निकायहरु, प्राज्ञिक निकायहरु, सामुदायिक वन उपभोक्ता समूहहरु, साझेदारी वन समूहहरु, कृषक तथा कृषि समूहहरु, प्राज्ञ, अनुसन्धानकर्ता तथा विद्यार्थीहरु सबैलाई अनुरोध गर्दछु।

डा. राजेन्द्र के.सी.
महानिर्देशक
वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र

# विषय सूची

१. पृष्ठभूमि १
२. विगतमा भएका प्रयासहरु ...... ३
३. समस्या तथा चुनौतीहरु ...... ५
४. रणनीतिको आवश्यकता...... ६
५. दूरदृष्टि ...... ७
६. ध्येय...... ७
७. उद्देश्यहरु ...... ७
८. रणनीतिक ढाँचा...... ८
९. रणनीति तथा कार्यनीतिहरु ...... ९
रणनीति १: बाह्य मिचाहा प्रजातिहरुको नियमित सर्वेक्षण, अध्ययन, अनुसन्धान तथा अनुगमन गरी तथ्याङ्क अध्यावधिक र प्रविधिको विकास गर्ने ......९
कार्यनीतिहरुः...... ९
रणनीति २: बाह्य मिचाहा प्रजातिको रोकथाम, नियन्त्रण तथा जोखिम न्यूनीकरण र पूर्व तयारी गर्ने ......११
कार्यनीतिहरु......११
रणनीति ३: बाह्य मिचाहा प्रजातिको नियन्त्रण गर्न र थप विस्तार हुन नदिन प्रभावकारी कार्यक्रम सञ्चालन गर्ने ......१२
कार्यनीतिहरूः ......१२
रणनीति ४: बाह्य मिचाहा प्रजाति रोकथाम तथा व्यवस्थापनका लागि सरोकारवालाहरुको क्षमता विकास तथा जनचेतना अभिबृद्धि गर्ने ......१५
कार्यनीतिहरूः...... १५

रणनीति ५: बाह्य मिचाहा प्रजातिबारे पुर्व सूचना, निगरानी तथा आकस्मिक उपचारको व्यवस्था गर्ने ....................१६

कार्यनीतिहरु: ....................१६

रणनीति ६: बाह्य मिचाहा प्रजाति रोकथाम तथा नियन्त्रण सम्बन्धी कानूनी व्यवस्था गरी प्रभावकारी नियमन तथा कार्यक्रम संचालन गर्ने ....................१६

कार्यनीतिहरू: ....................१७

कार्यक्रम तथा क्रियाकलापहरु: ....................१८

रणनीति ७: बाह्य मिचाहा प्रजाति सम्बन्धमा सूचना आदान प्रदान, समन्वय र सहकार्यलाई प्रभावकारी बनाउने ....................१८

कार्यनीतिहरु:....................१८

रणनीति ८: राष्ट्रिय तथा अन्तर्राष्ट्रिय साझेदारी, समन्वय, सहयोग तथा सञ्जाल विस्तार गरी बाह्य मिचाहा प्रजातिको नियमन तथा व्यवस्थापन गर्ने ....................२०

कार्यनीतिहरु: ....................२०

कार्यक्रम तथा क्रियाकलाप ....................२०

१०. संस्थागत संरचना....................२०

११. आर्थिक पक्ष तथा वित्तीय व्यवस्थापन....................१९

१२. कानूनी व्यवस्था ....................१९

१३. अनुगमन तथा मूल्याङ्कन....................२३

१४. जोखिम....................२३

१५. परिमार्जन....................२३

१६. बाह्य मिचाहा प्रजाति व्यवस्थापन कार्यान्वयन योजना १९

# बाह्य मिचाहा प्रजाति व्यवस्थापन राष्ट्रिय रणनीति तथा कार्यान्वयन योजना, २०८१

## १. पृष्ठभूमि

बढ्दो विश्व व्यापार, विश्वव्यापीकरण, अन्तरदेशीय पर्यटन, यातायात, मानिस तथा अन्य सामग्रीको निर्वाध आवतजावत र ओसारपसार साथै जलवायु परिवर्तनका कारण विश्वभरिनै बाह्य मिचाहा प्रजातिको संख्या, फैलावट र नकरात्मक प्रकोप बढिरहेको छ। बाह्य मुलुकमा उत्पत्ति भएका र विभिन्न माध्यमबाट जान-अन्जानमा भित्रिएका मिचाहा प्रजातिहरूले नेपालको वन, घाँसे मैदान (चरण क्षेत्र), सिमसार, कृषिक्षेत्र लगायतका सबै पारिस्थितिकीय प्रणाली र वनस्पति, वन्यजन्तु तथा जैविक विविधता एवम् मानव तथा पशु स्वास्थ्य र जीविकोपार्जनमा समेत प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा नकारात्मक असर तथा प्रभाव पारिरहेको छ।

आफ्नो प्राकृतिक भौगोलिक क्षेत्रबाट मानव क्रियाकलाप वा अन्य माध्यमबाट नयाँ स्थानमा पुगी फैलिएर स्थानीय प्रजाति, वातावरण तथा पर्यावरणीय सेवालाई नकारात्मक असर पार्ने वनस्पति, वन्यजन्तु, ढुसी तथा अन्य शूक्ष्म जीव प्रजातिहरु नै बाह्य मिचाहा प्रजाति हुन्। मिचाहा प्रजातिहरू तुलनात्मक रुपमा अन्य प्रजातिहरु भन्दा सजिलै उम्रने, बीउ तथा वानस्पतिक दुबै तरिकाले प्रशारण हुने, लामो अवधि बीउको उमारशक्ति हुने, प्रजनन् तथा प्रसारण क्षमता अत्याधिक भएको, छिटो बढ्ने, अत्यन्त प्रतिस्पर्धी क्षमता भएको, छिट्टै फैलने र विषम हावापानी र परिस्थितिमा पनि बाँच्न सक्ने, चरिचरण तथा अन्य साधारण विधिबाट हटाउन कठीन हुने भएकोले रैथाने प्रजातिलाई विस्थापित गरी रैथाने पारिस्थितिकीय प्रणालीमा नकारात्मक असर पुऱ्याउँछ। विश्वव्यापी रुपमा जैविक विविधता ह्रास हुनाका विभिन्न कारणहरु मध्ये बाह्य मिचाहा प्रजातिको फैलावट दोश्रो प्रमुख कारण भएको तथ्य विभिन्न अनुसन्धानहरुले स्थापित गरेको छ।

नेपालमा विभिन्न अध्ययनहरुले २९ प्रजातिका वनस्पतिहरु हालसम्म बाह्य मिचाहा प्रजाति भएको उल्लेख गरेको छ। जसमध्ये नेपालमा पाइने ५ प्रजातिहरु ल्यान्टेना क्यामेरा, माइकेनिया माइकरान्था, क्रोमोलिना ओडोराटा, पोन्टीडेरिया क्रयासिपस र

स्फागनेटिकोला ट्राइलोबाटा विश्वका अति हानिकारक शिर्ष १०० प्रजातिको सूचीमा अन्तर्राष्ट्रिय प्रकृति संरक्षण संघले समावेश गरेको छ। नेपालमा नयाँ बाह्य मिचाहा प्रजातिहरू समेत देखापर्दैं आइरहेको छ जसले नेपालको महत्वपूर्ण जैविक विविधता तथा पारस्थितिकीय प्रणालीमा नकारात्मक असर पारिरहेको छ। वन क्षेत्रमा लहरे वनमारा, कालो वनमारा, सेतो वनमारा, वनफाँडा; सिमसार क्षेत्रमा जलकुम्भी; कृषि क्षेत्रमा निलो गन्धे; चरण क्षेत्रमा पातीझार र वन सिलाम आदि जस्ता मिचाहा प्रजातिले गर्दा वातावरण, वातावरणीय सेवा र गुणस्तरीय जीवनको लागि चुनौति थपिदै आएको छ। साथै फौजी किरा र ठूलो संखे किराले कृषि क्षेत्रमा उल्लेख्य हानी नोक्सानी पुर्‍याएको छ। टिलापिया माछाले गर्दा स्थानीय प्रजातिका माछाहरु मासिदै गएको अध्ययनहरुले देखाएको छ।

जैविक विविधता र पर्यावरणीय सेवाहरूमा अन्तरसरकारी विज्ञान-नीति प्लेटफर्म (Intergovernmental Science-Policy Platform on Biodiversity and Ecosystem Services, IPBES) ले बाह्य मिचाहा प्रजाति र तिनीहरूको प्रभाव विश्वव्यापी रूपमा बढ्दै गएको र अझै बढ्दै जाने भविष्यवाणी गरेको छ र बाह्य मिचाहा प्रजातिहरुको प्रभावकारी व्यवस्थापनबाट यसको नकारात्मक प्रभाव न्यूनीकरण गर्न सकिन्छ भन्ने कुरालाई जोड दिएको छ। कुन्मिङ्ग-मन्ट्रियल जैविक विविधता फ्रेमवर्कले सन् २०३० सम्म हासिल गर्नुपर्ने २३ वटा विश्व जैविक विविधता लक्ष्य मध्ये लक्ष्य नं. ६ मा बाह्य मिचाहा प्रजातिको प्रवेशलाई कम्तिमा ५० प्रतिशतको दरले कम गर्ने र यसका नकरात्मक प्रभावलाई उल्लेखनीय रुपमा घटाउने राखेको छ।

तसर्थ, मिचाहा प्रजातिको रोकथाम, नियन्त्रण गरी रैथाने प्रजाति तथा पारस्थितिकीय प्रणालीको संरक्षण गर्न नसकेमा रैथाने प्रजातिहरू लोप हुने खतरा बढ्दै जान्छ। नेपालको तराई, चुरे, मधेश हुँदै मध्य पहाडी क्षेत्रमा बाह्य मिचाहा प्रजातिको बाक्लो उपस्थिति र फैलावट बढ्दै गइरहेको देखिएको छ। फलस्वरुप वन क्षेत्र, कृषि क्षेत्र, सिमसार तथा चरनको हैसियतमा ह्रास आई यसमा आश्रित समुदायको जीविकोपार्जनमा पनि नकरात्मक प्रभाव पारिरहेको छ। विश्वव्यापी जलवायु परिवर्तनका कारणले गर्दा बाह्य मिचाहा प्रजाति अझै बढी फैलने आँकलन गरिएको छ। बाह्य मिचाहा प्रजातिको फैलावट आर्थिक तथा वातावरण क्षतिको प्रमुख कारण बन्दै गएको छ ।

## २. विगतमा भएका प्रयासहरु

विगतमा राष्ट्रिय जैविक सुरक्षा फ्रेमवर्क, २००६ ले आनुवंश परिवर्तित जीवहरुको पैठारी, उत्पादन र उपयोगबाट जैविक विविधता तथा मानव स्वास्थ्यमा पर्न सक्ने नकारात्मक प्रभावहरुबाट बचाउने लक्ष्य लिएको छ। आनुवंश परिवर्तित जीवहरु मिचाहा प्रजातिको रुपमा स्थापित हुन सक्ने तथा यिनीहरुको जोखिम व्यवस्थापनको लागि प्राविधिक संरचना तथा क्षमता विकासको आवश्यकता समेत औंल्याएको छ । वन तथा वातावरण मन्त्रालयले जैविक विविधता महासन्धि तथा जैविक सुरक्षाका लागि कार्टाहिना प्रोटोकलको राष्ट्रिय केन्द्रबिन्दुको रुपमा कार्य गर्दै आइरहेको छ ।

त्यसैगरी कृषि जैविक विविधता नीति, २०६३ मा कृषि जैविक विविधतालाई प्रभाव पार्ने मिचाहा प्रकृतिका प्रजातिहरु पहिचान र नियन्त्रण गर्न सरोकारवाला निकायको सहयोगमा नियन्त्रण सम्बन्धी कार्यविधि बनाई आवश्यक उपाय अवलम्बन गरिने व्यवस्था गरेको छ। राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६ ले मिचाहा प्रजातिको प्रकोपको न्यूनीकरण र व्यवस्थापन गर्नुपर्ने उल्लेख गरेको छ। खर्क नीति, २०६८ ले बाह्य मिचाहा प्रजाति एक समस्याको रुपमा औंल्याएको छ भने राष्ट्रिय सिमसार नीति २०६९ ले मिचाहा प्रजातिको प्रभावकारी नियन्त्रण गर्ने उल्लेख गरेको पाइन्छ। नेपाल जैविक विविधता रणनीति तथा कार्ययोजना (२०१४-२०२०) को १५ वटा रणनीतिहरुमध्ये बाह्य मिचाहा प्रजाति व्यवस्थापनलाई बहुआयामिक रणनीतिको रुपमा उल्लेख गरेको छ । नेपाल राष्ट्रिय रेडप्लस रणनीति (२०७५-२०७९) ले बाह्य मिचाहा प्रजातिलाई वन क्षयीकरणको एक महत्वपूर्ण कारकतत्त्वको रुपमा पहिचान गरी यसको नियन्त्रण र व्यवस्थापनमा जोड दिएको छ। तथापि, वन तथा वातावरणसँग सरोकार राख्ने नीतिहरु जस्तै राष्ट्रिय वन नीति, २०७५ तथा राष्ट्रिय वातावरण नीति, २०७६ ले मिचाहा प्रजाति व्यवस्थापनलाई समेट्न सकेको छैन।

विभिन्न प्रजाति विशेष संरक्षण कार्ययोजनाहरुले समेत मिचाहा प्रजातिहरुको रोकथाममा जोड दिएको पाइन्छ। बाघ संरक्षण कार्ययोजना (२०२३-२०३२) ले बाघको वासस्थानमा मिचाहा वनस्पति प्रजातिले पारेको असरको महसुस गरी मिचाहा प्रजातिहरुको दीर्घकालीन अनुसन्धान गर्न, मिचाहा प्रजातिहरूको उपयोग गरेर आयआर्जन र रोजगारीका अवसरहरू सिर्जना गर्नको लागि सुधारिएका प्रविधि र

नवप्रवर्तनलाई प्रोत्साहन गर्ने व्यवस्था गरेको छ। मुख्य संरक्षित क्षेत्रहरूमा मिचाहा वनस्पति प्रजाति मुक्त चरीचरण क्षेत्र सिर्जना गरी वन्यजन्तुको लागि आहारा उपलब्धता बढाउने तथा सिमसार क्षेत्रबाट मिचाहा प्रजातिहरू हटाउने उल्लेख गरेको छ। गैंडा संरक्षण कार्ययोजना (२०१७-२०२१) ले दिर्घकालीन रुपमा गैंडाको वासस्थानमा मिचाहा प्रजातिले गम्भीर असर पार्ने महसुस गरी मिचाहा प्रजाति सम्बन्धी अध्ययन अनुसन्धानलाई बढावा दिने तथा यसको नियन्त्रणको लागि व्यवस्थापन रणनीति तयार गरी कार्यान्वयन गर्ने उल्लेख गरेको छ।

संस्थागत रुपमा वन तथा वातावरण मन्त्रालय मातहतका निकाय जस्तै राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले संरक्षित क्षेत्रभित्र मिचाहा प्रजातिको व्यवस्थापन गर्न अध्ययन, अनुसन्धान तथा नियमित सफाइ गर्दै आइरहेको छ। वन तथा भू-संरक्षण विभाग मातहतका निकायहरुका साथै प्रदेशस्थित वन सम्बन्धी मन्त्रालयहरू, प्रदेश वन निर्देशनालय र डिभिजन वन कार्यालय तथा वन उपभोक्ता समूहद्वारा जनचेतना अभिवृद्धि गर्ने तथा यसका रोकथाम तथा नियन्त्रणका उपायहरू अवलम्बन गरिरहेका छन् । वनस्पति विभागले मिचाहा प्रजातिको पहिचान तथा वर्गीकरण सम्बन्धी अध्ययन अनुसन्धान कार्यहरु गर्दै आइरहेको छ। वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रले मिचाहा प्रजाति सम्बन्धी अध्ययन अनुसन्धान मार्फत जनचेतना, लेख सामग्री तथा नीति सारांश तयार गरी प्रकाशन गर्दै आइरहेको छ। यस केन्द्रले बाह्य मिचाहा प्रजातिको लागि नेपाल एसिया प्यासेफिक फरेष्ट इनभेजिव स्पेसिस नेटवर्क (Asia Pacific Forest Invasive Species Network) को सदस्यको रुपमा निरन्तर क्रियाशील रहेको छ। कृषि क्षेत्रमा मिचाहा प्रजातिको अवस्था तथा प्रकोप सम्बन्धमा कृषि तथा पशुपन्छी विकास मन्त्रालय र मातहतका कृषि विभाग एवं प्रदेश सरकार अन्तर्गतको कृषि ज्ञान केन्द्रहरुले विभिन्न सचेतना तथा रोकथामका उपायहरु अवलम्बन गर्दै आइरहेको छ ।

यसरी विगतमा विभिन्न अध्ययन, अनुसन्धान तथा सरकारका नीतिगत दस्तावेजहरूमा मिचाहा प्रजातिलाई समस्याको रुपमा औँल्याएको र यसको न्यूनीकरण र व्यवस्थापन गर्नुपर्ने उल्लेख गरेको भए तापनि नेपालमा मिचाहा प्रजातिलाई उल्लेखनीय रुपमा व्यवस्थापन गर्ने एकीकृत कार्यक्रम तथा क्रियाकलापहरु सञ्चालन गर्न सकेको पाइँदैन।

## ३. समस्या तथा चुनौतीहरु

बाह्य मिचाहा प्रजातिले स्थानीय वनस्पति र वन्यजन्तुको जीवनचक्रलाई खतरा पुऱ्याइ रहेको छ। नेपालको परिवेशमा विश्वकै दुलर्भ वन्यजन्तुको सूचीमा परेको गैडा, बाघ, हात्ती, गौरी गाई, सौंस लगायतका जंगली जनावरहरुको वासस्थानको परिमाण तथा गुणस्तरमा ह्रास हुँदै आउनु, सिमसार क्षेत्र लोप हुने अवस्थामा पुग्नु साथै सिमसारबाट प्राप्त हुने वस्तु र सेवाको गुणस्तर र परिमाणमा ह्रास आउनु, जलचर प्राणीमा नकारात्मक असर पर्नु, कृषि उत्पादन तथा क्षेत्रमा ह्रास आउनु तथा बाह्य मिचाहा प्रजातिलाई रोकथाम गर्ने उपयुक्त प्रविधिको विकास नहुनु जस्ता यसका प्रमुख समस्या तथा चुनौतीको रुपमा रहेको छ। विभिन्न सरोकारवाला निकायहरू, जस्तै सरकारी निकायहरू, गैरसरकारी संघसंस्थाहरू, नागरिक समाज र स्थानीय समुदायहरू बीचको समन्वयको कमी; खण्डीकृत अधिकार क्षेत्र; नेपालको मिचाहा प्रजातिहरूको वितरण, प्रभाव र व्यवस्थापनको बारेमा पर्याप्त र विस्तृत अनुसन्धान तथा तथ्याङ्क उपलब्ध नहुनु; भूगोल तथा प्रजाति अनुसार मिचाहा प्रजाति व्यवस्थापन योजना निर्माण तथा कार्यान्वयन गर्न नसक्नु; साधन, स्रोत र प्रविधिको अभाव आदि यस क्षेत्रका अन्य समस्याको रूपमा रहेका छन्। फलस्वरुप, यसबाट जैविक विविधता, मानव स्वास्थ्य र जीविकोपार्जनमा नकनरात्मक असर परिरहेको छ।

बाह्य मिचाहा प्रजातिले अन्यत्र जस्तै नेपालमा पनि पर्यावरणीय, आर्थिक र सामाजिक समस्या तथा चुनौतीहरु सिर्जना गरेको छ। आवधिक रुपमा नयाँ नयाँ बाह्य मिचाहा प्रजातिहरु थप भइरहेका छन् । यसले अन्तर्निहित समस्याहरूको साथमा बहुआयामिक चुनौतीहरू निम्त्याएको छ। छिमेकी मुलुकसँगको खुल्ला सिमाना र आवागमनले बाह्य मिचाहा प्रजातिको मुद्दालाई थप जटिल बनाएको छ। बाह्य मिचाहा प्रजातिको समयमै पहिचान गरी रोकथाम तथा व्यवस्थापन गर्नु एउटा महत्वपूर्ण चुनौतिको रुपमा तेर्सिएको छ। बाह्य मिचाहा प्रजातिको फैलावट, प्रभाव र व्यवस्थापन सम्बन्धमा पर्याप्त अध्ययन, अनुसन्धानमा कमी भएका कारण यसको व्यवस्थापनमा देखिएको समस्यालाई जलवायु परिवर्तनले थप चुनौतिपूर्ण बन्दै गएको छ।

विद्यमान अवस्थामा यसको रोकथाम र व्यवस्थापनलाई पूर्ण रुपमा सम्बोधन गर्ने छुट्टै नीतिगत तथा कानूनी व्यवस्था हुन सकेको छैन । नेतृत्वदायी भूमिका सहितको

समर्पित निकायको अभाव छ। कृषि, वन, उद्योग, भंसार तथा यातायात लगायत अन्य सबै सरोकारवाला निकाय र संघसंस्थासँग समन्वय गरी बाह्य मिचाहा प्रजाति प्रवेश रोक्ने र भएका मिचाहा प्रजातिलाई न्यूनीकरण गर्ने नेतृत्वदायी भूमिका निर्वाह गर्ने समर्पित निकायको अभावले यसको व्यवस्थापनमा थप कठिनाई सिर्जना गरेको छ। कानूनी र संस्थागत अपर्याप्तताका साथै यसले रैथाने पारिस्थितिकीय प्रणालीलाई पार्ने प्रतिकूल प्रभावले गर्दा नेपालको पर्यावरणीय चुनौतिलाई बढाएको छ।

बाह्य मिचाहा प्रजातिको बढ्दो समस्यालाई सम्बोधन गर्न नीतिगत तथा कानूनी व्यवस्था गर्ने, व्यवस्थापन योजना तथा कार्यक्रम सञ्चालनका लागि पर्याप्त लगानीको व्यवस्था गर्ने, जनचेतना अभिवृद्धि गर्ने, राष्ट्रिय र अन्तर्राष्ट्रिय समन्वय, सहकार्य र साझेदारी प्रवर्द्धन गर्ने र अध्ययन अनुसन्धानलाई बढवा दिँदै बाह्य मिचाहा प्रजातिको व्यवस्थापन गर्नु अत्यन्तै आवश्यक भइसकेको छ।

## ४. रणनीतिको आवश्यकता

कृषि जैविक विविधता नीति २०६३, खर्क नीति २०६८ र राष्ट्रिय सिमसार नीति २०६९ ले बाह्य मिचाहा प्रजाति एक समस्याको रुपमा औंल्याई यसको प्रभावकारी नियन्त्रण गर्नुपर्ने उल्लेख गरेको छ । नेपाल जैविक विविधता रणनीति तथा कार्यान्वयन योजना (२०१४-२०२०)ले पनि बाह्य मिचाहा प्रजाति सम्बन्धी अध्ययन तथा सर्वेक्षण गरी तिनीहरूको व्यवस्थापन गर्नुपर्ने विषयलाई जोड दिएको छ। कृषि विकास रणनीति (२०१५-२०३५) ले बाह्य मिचाहा प्रजातिलाई कृषि उत्पादकत्वमा ह्रास ल्याउने एक प्रमुख कारणको रुपमा पहिचान गरेको छ भने वन क्षेत्रको रणनीति (२०१६-२०२५) तथा नेपाल राष्ट्रिय रेडप्लस रणनीति (२०७५-२०७९) ले बाह्य मिचाहा प्रजातिलाई वन क्षयीकरणको एक महत्वपूर्ण कारकको रुपमा पहिचान गरी यसको नियन्त्रण र व्यवस्थापनमा जोड दिएको छ। राष्ट्रिय रामसार रणनीति तथा कार्ययोजना (२०१८-२०२४) ले सिमसार क्षेत्रको क्षयीकरणको एउटा प्रमुख कारक तत्वको रुपमा बाह्य मिचाहा प्रजातिलाई औंल्याएको छ। त्यसैगरी राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६ ले मिचाहा प्रजातिको प्रकोपको न्यूनीकरण र व्यवस्थापन गर्नुपर्ने उल्लेख गरेको छ।

विगतका अवधिक योजनाहरुले मिचाहा प्रजातिहरुको व्यवस्थापन सम्बन्धी प्रत्यक्ष रुपमा उल्लेख नगरेको भए तापनि वन क्षेत्रको उत्पादकत्व वृद्धि गर्ने, वन क्षयीकरण रोक्ने जस्ता उद्देश्य राखी अप्रत्यक्ष रुपमा मिचाहा प्रजातिहरुको समेत व्यवस्थापनमा जोड दिएको पाइन्छ । त्यसैगरी पन्ध्रौं योजना २०१९/२०-२०२३/२४ ले बाह्य मिचाहा प्रजाति नियन्त्रण गरी वनको ह्रास रोक्नुपर्ने उल्लेख गरेको छ भने चालु सोह्रौ योजनाले पनि मिचाहा प्रजातिहरुको बारेमा उल्लेख गरी वन क्षेत्रको उत्पादकत्व वृद्धि गर्ने, वन क्षयीकरण रोक्ने जस्ता विषयवस्तुहरु समेटेको छ। संरक्षित क्षेत्र व्यवस्थापन रणनीति (२०२२-२०३०) ले बाह्य मिचाहा प्रजातिलाई पारिस्थितिकीय प्रणाली तथा वन्यजन्तुको बासस्थान क्षयिकरणको एक प्रमुख कारण मानी त्यस्ता प्रजातिको व्यवस्थापनलाई प्राथमिकतामा राखेको छ। विभिन्न राष्ट्रिय नीति तथा रणनीतिहरुले बाह्य मिचाहा प्रजातिलाई समस्याको रुपमा उल्लेख गरे तापनि यसको रोकथाम र व्यवस्थापन सन्दर्भमा स्पष्ट दिशानिर्देश गर्ने नीतिगत दस्तावेज नभएकोले बाह्य मिचाहा प्रजातिको प्रभावकारी व्यवस्थापन गर्न यस रणनीति तथा कार्यान्वयन योजनाको आवश्यकता महसुस गरिएको हो । विभिन्न निकायहरुबाट सञ्चालन हुने बाह्य मिचाहा प्रजाति व्यवस्थापन सम्बन्धी योजना, कार्यक्रम तथा आयोजना तर्जुमा र कार्यान्वयनका लागि दिशानिर्देश गर्ने दस्तावेजको रुपमा यो रणनीति तयार गरिएको छ ।

## ५. दूरदृष्टि

**मिचाहा प्रजाति रोकथाम र नियन्त्रणः** स्वस्थ र उत्थानशील पारिस्थितिकीय प्रणाली तथा जैविक विविधता संरक्षण।

## ६. ध्येय

बाह्य मिचाहा प्रजातिको रोकथाम, नियन्त्रण र व्यवस्थापन गर्दै जैविक विविधता र वातावरणीय सेवामा पर्ने जोखिमलाई कम गरी पारिस्थतिकीय प्रणाली र समुदायको उत्थानशीलता बृद्धि गर्ने ।

## ७. उद्देश्यहरु

यस रणनीतिका प्रमुख उद्देश्य देहाय बमोजिम रहेका छन्:

१) बाह्य मिचाहा प्रजाति प्रवेश र विस्तार हुने दरलाई सन् २०३० सम्ममा कम्तिमा ५० प्रतिशतले कम गर्ने,

२) बाह्य मिचाहा प्रजातिको रोकथाम, नियन्त्रण र व्यवस्थापन गरी यसबाट जैविक विविधता, वातावरणीय सेवा र समुदायको जीविकोपार्जनमा पर्ने नकारात्मक प्रभाव र जोखिम न्यूनीकरण गर्ने,

३) बाह्य मिचाहा प्रजातिको रोकथाम, नियन्त्रण र व्यवस्थापनका लागि सरोकारवालाहरुको वित्तीय, प्राविधिक तथा संस्थागत क्षमता अभिवृद्धि गर्ने,

४) बाह्य मिचाहा प्रजातिको रोकथाम, नियन्त्रण र व्यवस्थापन गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा समन्वय र सहकार्य बृद्धि गर्ने,

५) बाह्य मिचाहा प्रजातिको सर्वेक्षण, अध्ययन, अनुसन्धान, सूचना तथा तथ्याङ्क प्रणाली विकास गर्ने।

## ८. रणनीतिक ढाँचा

बाह्य मिचाहा प्रजाति व्यवस्थापनका लागि देहाय बमोजिमको रणनीतिक ढाँचा अवलम्बन गरिनेछः

१) **रोकथाम र तयारीपनः** बाह्य मिचाहा प्रजातिको प्रवेश तथा विस्तार हुने मार्ग र माध्यम पहिचान गरी यसलाई देश भित्र र नयाँ स्थानहरूमा प्रवेश हुनबाट रोक्ने। यसका लागि वित्तीय, प्राविधिक तथा संस्थागत तयारी र सुदृढीकरण गर्ने।

२) **सिघ्र पहिचान र द्रुत व्यवस्थापनः** मिचाहा प्रजातिलाई प्रारम्भिक अवस्थामा नै पहिचान गर्ने र यसलाई तुरन्तै नियन्त्रण गरी विस्तार हुनबाट रोक्ने। मिचाहा प्रजातिलाई प्रारम्भिक अवस्थामा नै नियन्त्रण गर्न नसक्दा भविष्यमा यसबाट पर्ने नकारात्मक प्रभाव अत्याधिक बढी हुन्छ र यसलाई नियन्त्रण गर्न पनि अत्याधिक लगानी र परिश्रम गर्नुपर्ने भएकोले यसको पहिचान हुनासाथ सबै सरोकारवालाहरुको सहयोगमा नियन्त्रण गर्ने।

३) **उन्मूलन, न्यूनीकरण, सिमितिकरण र नियन्त्रणः** बाह्य मिचाहा प्रजातिलाई फैलनबाट रोक्न विभिन्न उन्मूलन, न्यूनीकरण, सिमितिकरण र नियन्त्रणका क्रियाकलापहरु सञ्चालन गर्ने।

४) **स्थलगत, प्रजातिगत र पारिस्थितिकीय प्रणालीमा आधारित व्यवस्थापनः** बाह्य मिचाहा प्रजातिको लागि स्थान विशेष, प्रजाति विशेष र पारिस्थितिकीय प्रणाली विशेष व्यवस्थापन र पुर्नस्थापना गर्ने।

५) **सरोकारवालाहरुको सक्रिय सहभागिताः** मिचाहा प्रजातिको सिघ्र पहिचान, रोकथाम र नियन्त्रणमा निजी क्षेत्र, नागरिक समाज, वन उपभोक्ता समूहहरु, कृषक तथा सरकारी तथा गैरसरकारी संघसंस्थाहरुको सक्रिय सहभागिता परिचालन गर्ने।

## ९. रणनीति तथा कार्यनीतिहरु

रणनीति १ः बाह्य मिचाहा प्रजातिको नियमित सर्वेक्षण, अध्ययन, अनुसन्धान तथा अनुगमन गरी तथ्याङ्क अध्यावधिक र प्रविधिको विकास गर्ने।

**कार्यनीतिहरुः**

१.१) बाह्य मिचाहा प्रजातिको जोखिम विश्लेषण गर्न सबै भौगोलिक क्षेत्र, पर्यावरणीय प्रणाली र सबै तहमा सर्वेक्षण, नक्साङ्कन तथा अभिलेखीकरण गरिनेछ ।

१.२) नेपालमा रहेका बाह्य मिचाहा प्रजातिहरुको जोखिमको अवस्थाको आधारमा विभिन्न वर्गहरुमा बर्गीकरण गरी राष्ट्रिय तथ्याङ्क (National Database) तयार गरिनेछ ।

१.३) छिमेकी राष्ट्रहरुमा भयावह देखिएका र संभावित रुपमा नेपाल प्रवेश गर्न सक्ने बाह्य मिचाहा प्रजातिहरुको तथ्याङ्क र अभिलेख सरोकारवाला निकायहरुलाई उपलब्ध गरिनेछ ।

१.४) बाह्य मिचाहा प्रजातिको जोखिम विश्लेषण गरी सामयिक रुपमा राष्ट्रिय चेतावनी सूची जारी गरिनेछ ।

१.५) बाह्य मिचाहा प्रजातिको प्रवेश हुन नदिन तथा निकासी पैठारी नियमनका लागि राष्ट्रिय बिरुवा संरक्षण संगठनसँग सहकार्य गरी प्रभावकारी कार्यक्रम सञ्चालन गरिनेछ ।

१.६) सम्भावित, जोखिमयुक्त र भइरहेका बाह्य मिचाहा प्रजातिको जीवनचक्र, वासस्थान, यसको नकारात्मक प्रभाव र प्रकोप सम्बन्धी अध्ययन तथा अनुसन्धान गरिनेछ।

१.७) जोखिमयुक्त बाह्य मिचाहा प्रजातिको अध्ययन अनुसन्धानलाई जोड दिइनेछ।

१.८) स्थापित भएका बाह्य मिचाहा प्रजातिहरुको जोखिम वर्गीकरणको आधारमा अध्ययन अनुसन्धान गरिनेछ।

१.९) स्थापित भैसकेका बाह्य मिचाहा प्रजातिहरूको रोकथाम, नियन्त्रण र उपयोग गर्ने सम्बन्धी प्रविधि विकासलाई प्राथमिकता प्रदान गरिनेछ।

१.१०) वनस्पति, वन्यजन्तु तथा अन्य जीवहरुको विद्युतीय कारोवार (online trading) को अनुगमन गरी जोखिमयुक्त अवैध कारोवारलाई नियन्त्रण गरिनेछ।

१.११) बाह्य मिचाहा प्रजातिको नियन्त्रण र व्यवस्थापन सम्बन्धमा छिमेकी मुलुक र समान भौगोलिक तथा जलवायु अवस्था भएका स्थानमा गरिएका अनुसन्धानबाट प्राप्त नतिजालाई परीक्षण गरी अवलम्बन गरिनेछ।

१.१२) अध्ययन, अनुसन्धान र प्रविधि विकासको लागि राष्ट्रिय र अन्तर्राष्ट्रिय अनुसन्धानमूलक संघसंस्था तथा विश्वविद्यालयसँग सहकार्य गरिनेछ।

१.१३) बाह्य मिचाहा प्रजातिको अध्ययन, अनुसन्धान र प्रविधि विकासका लागि आवश्यक लगानीको व्यवस्था र जनशक्ति विकास गरिनेछ।

**कार्यक्रम तथा क्रियाकलापहरु**

१) बाह्य मिचाहा प्रजातिको जोखिम विश्लेषण गरी सर्वेक्षण, नक्साङ्कन गर्ने।

२) नेपालमा पाइने बाह्य मिचाहा प्रजातिको अभिलेखीकरण गर्ने।

३) बाह्य मिचाहा प्रजातिको प्रभाव सम्बन्धी अध्ययन अनुसन्धान गर्ने।

४) स्थापित भैसकेका बाह्य मिचाहा प्रजातिहरूको सम्भाव्य उपयोग सम्बन्धमा अध्ययन अनुसन्धान गर्ने।

५) बाह्य मिचाहा प्रजातिको फैलिने माध्यम सम्बन्धमा अध्ययन अनुसन्धान गर्ने।

६) अन्य मुलुकमा मिचाहा प्रवृत्ति देखाएका तर नेपालमा नभएका प्रजातिहरुको जोखिम विश्लेषण गर्ने।

७) बाह्य मिचाहा प्रजातिहरूको व्यवस्थापन गर्न अपनाइएका परम्परागत ज्ञान, सीप तथा प्रविधिको अध्ययन अनुसन्धान गरी सोको प्रभावकारिता आँकलन गर्ने।

८) स्थापित भैसकेका बाह्य मिचाहा प्रजातिहरूको नियन्त्रण गर्ने उपयुक्त प्रविधिको विकास गर्न अध्ययन अनुसन्धान गर्ने।

९) बाह्य मिचाहा प्रजातिको सर्वेक्षणलाई राष्ट्रिय वन स्रोत सर्वेक्षण कार्यमा तथा कृषि तर्फको सर्भे सर्भेलेन्स कार्यमा समावेश गर्ने।

१०) अनुसन्धानमूलक संघसंस्था तथा विश्वविद्यालयसँग समन्वय सहकार्य तथा साझेदारी गर्ने।

११) बाह्य मिचाहा प्रजाति सम्बन्धी अनुसन्धानका लागि स्नाकोत्तर तथा विद्यावारिधिका विद्यार्थीहरुलाई शोधपत्र (Thesis) अनुदान तथा अनुसन्धानमा आधारित इन्टर्नशिप कार्यक्रम सचालन गर्ने।

१२) सरोकारवालाहरुको क्षमता अभिवृद्धिका लागि तालिम, अध्ययन भ्रमण तथा उच्च शिक्षा अध्ययनमा सहयोग गर्ने।

**रणनीति २: बाह्य मिचाहा प्रजातिको रोकथाम, नियन्त्रण तथा जोखिम न्यूनीकरण र पूर्व तयारी गर्ने ।**

**कार्यनीतिहरु**

२.१) बाह्य मिचाहा प्रजातिको अभिलेख राखी सम्भावित प्रवेश नाका र फैलिने माध्यमको पहिचान गरिनेछ।

२.२) अन्तर्राष्ट्रिय विमानस्थल तथा सिमानाकाबाट हुन सक्ने बाह्य मिचाहा प्रजातिको प्रवेशलाई न्यूनीकरण गर्न तथा निकासी पैठारी नियमनका लागि राष्ट्रिय बिरुवा संरक्षण संगठनसँग सहकार्य गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

२.३) बाह्य मिचाहा प्रजातिको जोखिम मूल्याङ्कन गरी वर्गीकरण गरिनेछ । मुख्य जोखिमयुक्त वर्गका मिचाहा प्रजातिहरुको रोकथाम तथा नियन्त्रणलाई उच्च प्राथमिकता दिइनेछ ।

२.४) कृषि वन, वृक्षारोपण, पारिस्थितिकीय प्रणालीको पुनरुत्थान, भू-क्षय नियन्त्रण, नदी नियन्त्रण, मत्स्यपालन, पुष्प व्यवसाय, एक्वैरियम आदि जस्ता व्यवसायिक तथा अन्य प्रयोजनार्थ भित्र्याइने बाह्य प्रजातिबाट हुन सक्ने जोखिम न्यूनीकरणका लागि अन्य मुलुकमा मिचाहा प्रजातिको सूचीमा परेका प्रजातिहरुको जोखिम मूल्याङ्कन गरेर मात्र अनुमति प्रदान गरिनेछ ।

२.५) जोखिमयुक्त बाह्य मिचाहा प्रजातिको खेती, बेचविखन, प्रवेश तथा ओसारपसारमा नियन्त्रण गर्ने संयन्त्र विकास तथा सुदृढीकरण गरिनेछ ।

**कार्यक्रम तथा क्रियाकलापहरु**

१) सम्भावित प्रवेशनाकाहरुको पहिचान गरी क्वारेन्टाइनको सुदृढीकरण तथा आवश्यकता अनुसार अन्तर्राष्ट्रिय सिमाना (बोर्डर) नियमन गर्ने।

२) बाह्य मिचाहा प्रजातिको फैलिने मार्ग तथा माध्यमको पहिचान गर्ने।

३) बाह्य मिचाहा प्रजातिको जोखिम मूल्याङ्कन गरी वर्गीकरण गर्ने।

४) बाह्य प्रजातिहरुको जोखिम मूल्याङ्कन गरेर मात्र आयात अनुमति प्रदान गर्ने।

५) जोखिमयुक्त बाह्य मिचाहा प्रजातिको खेती, बेचविखन, प्रवेश तथा ओसारपसारमा नियन्त्रण गर्ने संयन्त्र विकास गर्ने।

६) जोखिमयुक्त बाह्य मिचाहा प्रजातिको खेती, रोपण, बेचविखन तथा ओसारपसारमा प्रतिबन्ध गर्ने।

७) जोखिमजन्य मिचाहा प्रजाति नेपालमा ल्याउने र नेपाल भित्र फैलाउने व्यक्ति तथा संघसंस्थालाई कानून बमोजिम दण्डित गर्ने।

८) बाह्य मिचाहा प्रजातिको खेती, बेचविखन, प्रवेश तथा ओसारपसारमा नियन्त्रण गर्ने संयन्त्र विकास गर्ने।

**रणनीति ३ः बाह्य मिचाहा प्रजातिको नियन्त्रण गर्न र थप विस्तार हुन नदिन प्रभावकारी कार्यक्रम सञ्चालन गर्ने।**

**कार्यनीतिहरूः**

३.१) जोखिम र संवेदनशीलताको आधारमा बाह्य मिचाहा प्रजाति विशेषको व्यवस्थापन कार्ययोजना तयार गरी कार्यान्वयन गरिनेछ।

३.२) बाह्य मिचाहा प्रजातिको व्यवस्थापनसँग सम्बन्धित सबै सरोकारवालाको पहिचान गरी केन्द्र, प्रदेश र स्थानीय तहको समन्वय र सहकार्यमा कार्यक्रम सञ्चालन गरिनेछ।

३.३) बाह्य मिचाहा प्रजाति सम्बन्धी सूचना प्रणालीको विकास गरी सूचना प्रवाहलाई व्यवस्थित गरिनेछ।

३.४) सरोकारवाला व्यक्ति वा संस्थालाई बाह्य मिचाहा प्रजाति व्यवस्थापन सम्बन्धी आवश्यक प्राविधिक सहयोग प्रदान गरिनेछ।

३.५) वन व्यवस्थापन कार्ययोजना, संरक्षित क्षेत्र व्यवस्थापन योजना, सिमसार व्यवस्थापन योजना, जलाधार व्यवस्थापन योजना, उद्यान व्यवस्थापन योजनामा अनिवार्य रूपमा मिचाहा प्रजातिको अवस्थाको पहिचान गरी तिनीहरूको विशेष व्यवस्थापन योजना छुट्टै निर्माण गरी कार्यान्वयन गरिनेछ।

३.६) वातावरणीय अध्ययन गर्दा मिचाहा प्रजातिको सर्वेक्षण तथा जोखिम विश्लेषण गरी वातावरणीय अध्ययन प्रतिवेदनमा अनिवार्यरुपमा मिचाहा प्रजाति व्यवस्थापन योजना समावेश गर्न प्रस्तावकलाई लगाइनेछ।

३.७) बाह्य मिचाहा प्रजाति व्यवस्थापनको लागि उपलब्ध भएका सबै विधिहरु समावेश गरी एकीकृत व्यवस्थापन प्रणाली अवलम्बन गरिनेछ।

३.८) बाह्य मिचाहा प्रजाति नियन्त्रणका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समन्वय तथा सहयोगमा जैविक नियन्त्रण कार्यक्रम सञ्चालन गरिनेछ।

३.९) बाह्य मिचाहा प्रजातिका चुनौतीहरूलाई अन्य जैविक विविधता तथा वातावरणसँग सम्बन्धित नीति, रणनीति, योजना तथा कार्यक्रममा समावेश गरिनेछ।

३.१०) बाह्य मिचाहा प्रजाति व्यवस्थापनको लागि समुदायमा आधारित कार्यक्रम सञ्चालन गरिनेछ।

३.११) बाह्य मिचाहा प्रजातिको एक स्वास्थ्य (One health) रणनीति अनुकूल व्यवस्थापन गरिनेछ।

**कार्यक्रम तथा क्रियाकलापहरु**

१) स्थापित भैसकेका बाह्य मिचाहा प्रजातिहरुको प्रभाव र प्रकोपको आधारमा प्राथमिकीकरण गर्ने।

२) प्राथमिकीकरणको आधारमा बाह्य मिचाहा प्रजातिको प्रजाति विशेष व्यवस्थापन कार्ययोजना तयार गर्ने।

३) वन व्यवस्थापन कार्ययोजना, संरक्षित क्षेत्र व्यवस्थापन योजना, सिमसार व्यवस्थापन योजना, जलाधार व्यवस्थापन योजना, वनस्पति उद्यान व्यवस्थापन योजना, चिडियाखाना व्यवस्थापन योजना, सडक छेउ वृक्षारोपण योजना, नदी नियन्त्रण योजना आदिमा अनिवार्य रूपमा मिचाहा प्रजातिको अवस्थाको पहिचान गरी तिनीहरूको व्यवस्थापन बारे छुट्टै विशेष योजनाको परिच्छेद थप गरी कार्यान्वयन गर्ने।

४) स्थापित भैसकेका बाह्य मिचाहा प्रजातिहरुको उपयुक्त भौतिक, रासायनिक तथा जैविक नियन्त्रण विधि प्रयोग गरी व्यवस्थापन गर्ने।

५) बाह्य मिचाहा प्रजातिहरुको व्यवस्थापन कार्य गर्न आवश्यक सरकारी स्टाण्डर्ड नर्मशको व्यवस्था गर्ने।

६) वातावरणीय अध्ययन प्रतिवेदनमा मिचाहा प्रजातिको सर्वेक्षण तथा जोखिम विश्लेषण गरी वातावरणीय व्यवस्थापन योजनामा मिचाहा प्रजातिको व्यवस्थापन योजना समावेश गरी कार्यान्वयनका लागि बजेट व्यवस्था गर्ने।

७) बाह्य मिचाहा प्रजाति सम्बन्धी सूचना प्रणालीको विकास गर्ने।

८) समुदायको सहकार्यमा बाह्य मिचाहा प्रजाति व्यवस्थापन कार्यक्रमहरु सञ्चालन गर्ने।

९) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समन्वय तथा सहयोगमा बाह्य मिचाहा प्रजाति नियन्त्रणका लागि जैविक नियन्त्रण कार्यक्रम आवश्यकता अनुरुप सञ्चालन गर्ने।

१०) बाह्य मिचाहा प्रजातिका चुनौती तथा व्यवस्थापन जैविक विविधता तथा वातावरणसँग सम्बन्धित नीति, रणनीति, योजना तथा कार्यक्रममा समावेश गर्ने।

११) बाह्य मिचाहा प्रजातिको एक स्वास्थ्य (One health) अवधारणा तथा रणनीति अनुरुप व्यवस्थापन गर्ने।

## रणनीति ४: बाह्य मिचाहा प्रजाति रोकथाम तथा व्यवस्थापनका लागि सरोकारवालाहरुको क्षमता विकास तथा जनचेतना अभिबृद्धि गर्ने।

**कार्यनीतिहरू:**

४.१) बाह्य मिचाहा प्रजातिको व्यवस्थापनलाई प्रभावकारी बनाउन संलग्न जनशक्तिलाई अध्ययन, तालिम, भ्रमण जस्ता क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ।

४.२) राष्ट्रियस्तर अथवा प्रदेशस्तरमै फैलिएर व्यवस्थापनमा चुनौति थपिएका मिचाहा प्रजातिहरुको पहिचान गरी मिचाहा प्रजातिको दिगोपना नहुने गरी सोको व्यवस्थापनको लागि समुदायस्तरको जीविकोपार्जन अभिवृद्धि गर्न कार्यक्रम तथा तालिमहरु सञ्चालन गरिनेछ।

४.३) बाह्य मिचाहा प्रजातिको रोकथाम एवं नियन्त्रण गर्ने परम्परागत ज्ञान, सीप समेतको अध्ययन गरी उपयुक्त प्रविधिको पहिचान र कार्यान्वयन गर्न सरोकारवालालाई ज्ञान, सीप उपलब्ध गरिनेछ।

४.४) बाह्य मिचाहा प्रजातिको रोकथाम तथा नियन्त्रणका लागि स्थानीय संघ/संस्था, समूहका लागि क्षमता तथा चेतना अभिवृद्धिमा कार्यक्रम सञ्चालन गरिनेछ ।

४.५) बाह्य मिचाहा प्रजातिको रोकथाम, नियन्त्रण र व्यवस्थापन बारेमा जागरुकता बढाउन, वर्षेनी बाह्य मिचाहा प्रजाति विरुद्ध जागरुकता सप्ताह आयोजना गरिनेछ ।

४.६) बाह्य मिचाहा प्रजातिको अवस्था, विस्तार, प्रभाव, रोकथाम, नियन्त्रण र व्यवस्थापन बारे पाठयक्रम तयार गरी अनौपचारिक तथा औपचारिक शिक्षामा समावेश गरिनेछ ।

४.७) जनचेतना अभिवृद्धिका लागि प्रचारप्रसारका सामग्री उत्पादन, वितरण र प्रसारण गर्ने व्यवस्था मिलाइनेछ।

**कार्यक्रम तथा क्रियाकलापहरु**

१) बाह्य मिचाहा प्रजाति व्यवस्थापनसँग सम्बन्धित सरोकारवालाहरुलाई तालिम केन्द्रबाट तालिम संचालन गर्दा अनिवार्य रुपमा बाह्य मिचाहा प्रजाति सम्बन्धमा सत्र सञ्चालन गर्ने।

२) बाह्य मिचाहा प्रजातिको व्यवस्थापनलाई थप प्रभावकारी बनाउन संलग्न जनशक्तिलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय भ्रमण, अध्ययन, तालिम सञ्चालन गर्ने।

३) बाह्य मिचाहा प्रजाति सम्बन्धी जनचेतना अभिवृद्धिका लागि प्रचारप्रसारका सामग्री उत्पादन, वितरण र प्रसारण गर्ने।

४) बाह्य मिचाहा प्रजातिबाट सिर्जित समस्या तथा चुनौति बारेमा जागरुकता बढाउन वर्षेनी बाह्य मिचाहा प्रजाति विरुद्धको जागरुकता सप्ताह आयोजना गर्ने।

५) बाह्य मिचाहा प्रजातिको अवस्था, विस्तार, प्रभाव, रोकथाम, नियन्त्रण र व्यवस्थापन बारे पाठयक्रम तयार गरी स्थानीय तहको समन्वयमा अनौपचारिक तथा विद्यालय शिक्षामा समावेश गर्ने।

६) बाह्य मिचाहा प्रजातिको रोकथाम तथा नियन्त्रणका लागि स्थानीय संघ/संस्था, समूहका लागि स्थानीय भाषा र स्थानीयस्तरमा जनचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने।

७) विज्ञहरुको सहयोगमा जनचेतना अभिवृद्धि सम्बन्धी श्रब्यदृश्य लगायतका प्रचार सामग्री तयार गरी वितरण गर्ने ।

८) स्थानीय तह र स्थानीय समुदायको सहकार्यमा बाह्य मिचाहा प्रजातिको व्यवस्थापन गर्न स्थानीय तह, वन उपभोक्ता समूह, कृषि समूह, स्थानीय समुदाय र आदिवासी जनजातिलाई तालिम सञ्चालन गर्ने र कार्यक्रम गर्न सघाउ पुऱ्याउने।

**रणनीति ५: बाह्य मिचाहा प्रजातिबारे पूर्व सूचना, निगरानी तथा आकस्मिक उपचारको व्यवस्था गर्ने।**

**कार्यनीतिहरुः**

५.१) सूचना प्रविधि र सूचनाको स्रोतलाई उपयोग गर्दै बाह्य मिचाहा प्रजातिको उपयुक्त निगरानी विधि तयार गरी कार्यान्वयन गरिनेछ।

५.२) बाह्य मिचाहा प्रजातिको पहिचान, निगरानी तथा अनुगमनका लागि मार्गदर्शन/निर्देशिका/कार्यविधि तयार गरिनेछ।

५.३) बाह्य मिचाहा प्रजातिबाट हुन सक्ने जोखिम न्यूनीकरण गर्न हालसालै पहिचान गरिएका र सानो क्षेत्रमा मात्रै फैलिएका प्रजातिको द्रुत व्यवस्थापन गर्न आवश्यक स्रोत साधनको व्यवस्था गरिनेछ।

५.४) अध्ययन तथा अनुसन्धानको आधारमा बाह्य मिचाहा प्रजातिबाट हुने जोखिम पहिचान, न्यूनीकरण, रोकथाम, निगरानी, अनुगमन तथा व्यवस्थापन कार्यलाई जोड दिइनेछ।

**कार्यक्रम तथा क्रियाकलापहरुः**

१) बाह्य मिचाहा प्रजातिको पहिचानका लागि फिल्डगाइड म्यानुअल तथा हैण्डबुकहरु तयार गरी वितरण गर्ने।

२) बाह्य मिचाहा प्रजातिको निगरानी तथा अनुगमनका लागि कार्यविधि तयार गर्ने।

३) हालसालै पहिचान गरिएका र सानो क्षेत्रमा मात्रै फैलिएका प्रजातिको द्रुत व्यवस्थापनका लागि आकस्मिक कोषको व्यवस्था गर्ने।

४) सूचना प्रविधि र सूचनाको स्रोतलाई उपयोग गर्दै बाह्य मिचाहा प्रजातिको निगरानी विधि तय गर्ने।

५) देश भित्र निश्चित स्थानमा मात्र देखिएको र अन्यत्र फैलिन सक्ने संभावना भएको बाह्य मिचाहा प्रजातिको बारेमा अन्य प्रदेश र स्थानीय तहहरुलाई जोखिम र हुन सक्ने प्रकोपका बारे समयमा नै जानकारी गराउने ।

**रणनीति ६ः बाह्य मिचाहा प्रजाति रोकथाम तथा नियन्त्रण सम्बन्धी कानूनी व्यवस्था गरी प्रभावकारी नियमन तथा कार्यक्रम संचालन गर्ने।**

**कार्यनीतिहरूः**

६.१) बाह्य मिचाहा प्रजातिको व्यवस्थापनका लागि कानूनी, नीतिगत तथा संस्थागत व्यवस्था मिलाइनेछ ।

६.२) प्रादेशिक र स्थानीय तहमा उपयुक्त संस्थागत संरचना निर्माण गरी बाह्य मिचाहा प्रजातिको व्यवस्थापन सम्बन्धी म्यानुअल/कार्यविधि बनाई लागू गरिनेछ।

६.३) क्षयीकरण भएका (degraded) जमिनको पुनरुत्थान तथा पुनस्थापना गर्दा रैथाने प्रजाति रोपणलाई प्राथमिकता दिइनेछ।

६.४) नेपालमा नपाइने वनस्पति तथा वन्यजन्तु नेपालभित्र आयात गर्दा जोखिम विश्लेषण गरी आयात अनुमति दिने व्यवस्था कडाईका साथ लागू गरिनेछ ।

**कार्यक्रम तथा क्रियाकलापहरुः**

१) बाह्य मिचाहा प्रजातिको समस्या तथा चुनौतिहरुलाई सम्बोधन हुने कानूनी व्यवस्था गर्ने।

२) नेपालका क्वारेन्टाइनमा संलग्न पदाधिकारीहरुलाई बाह्य मिचाहा प्रजाति र यसको संभावित जोखिम सम्बन्धी जानकारी प्रदान गरेर नियमनकारी भूमिकालाई प्रभावकारी गर्ने।

३) क्वारेन्टाइन र नियमनकारी व्यवस्था बारे सबैले बुझ्ने भाषामा नियमित सूचना प्रवाह गर्ने।

४) क्षतिग्रस्त जमिनको पुनरुत्थान तथा पुनस्थापना गर्दा रैथाने प्रजाति रोपणलाई प्राथमिकता दिने।

५) प्रादेशिक र स्थानीय तहमा उपयुक्त संस्थागत संरचना निर्माण गर्ने।

६) प्रादेशिक र स्थानीय तहमा बाह्य मिचाहा प्रजातिको व्यवस्थापन सम्बन्धी कार्यविधि तयार गर्ने।

**रणनीति ७ः बाह्य मिचाहा प्रजाति सम्बन्धमा सूचना आदानप्रदान, समन्वय र सहकार्यलाई प्रभावकारी बनाउने ।**

**कार्यनीतिहरुः**

७.१) सरोकारवालालाई बाह्य मिचाहा प्रजाति सम्बन्धी सूचना/तथ्याङ्क तथा अनुसन्धान/सर्वेक्षणका नतिजामा सरल र सहज पहुँच हुने व्यवस्था मिलाइनेछ।

७.२) बाह्य मिचाहा प्रजातिसँग सम्बन्धित राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संघ संस्थासँग सम्बन्ध विस्तार, समन्वय, सूचना आदानप्रदान तथा सहकार्य कायम गरिनेछ।

७.३) बाह्य मिचाहा प्रजातिसँग सम्बन्धित राष्ट्रिय अभियानको संचालन साथै अन्तर्राष्ट्रिय अभियानमा सक्रिय सहभागिता बृद्धि गरिनेछ।

७.४) बाह्य मिचाहा प्रजाति व्यवस्थापन गर्न आवश्यक तथ्याङ्क तथा विज्ञता आदानप्रदान गर्न संघ, प्रदेश तथा स्थानीय तहमा प्रभावकारी साझेदारी, समन्वय र सहकार्य गरिनेछ।

७.५) सरकारी, गैह्र सरकारी तथा शैक्षिक संस्थाहरु बीच आवश्यक समन्वय तथा सूचना आदानप्रदान गरिनेछ।

**कार्यक्रम तथा क्रियाकलापहरुः**

१) सरोकारवालालाई बाह्य मिचाहा प्रजाति सम्बन्धी सूचना/तथ्याङ्क तथा अनुसन्धान/सर्वेक्षणका नतिजाहरु प्रकाशन गर्ने।

२) बाह्य मिचाहा प्रजाति सम्बन्धी विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्था र विश्वविद्यालयबाट भएका अध्ययन र अनुसन्धानलाई सश्लेषण गरी स्थानीय भाषामा प्रसार सामग्री तयार गर्ने।

३) बाह्य मिचाहा प्रजातिसँग सम्बन्धित राष्ट्रिय अभियानको संचालन गर्ने।

४) बाह्य मिचाहा प्रजाति व्यवस्थापन गर्न आवश्यक तथ्याङ्क, विज्ञता तथा अनुभव आदानप्रदान गर्न संघ, प्रदेश तथा स्थानीय तहको साझामञ्चको व्यवस्था गर्ने।

५) बाह्य मिचाहा प्रजाति पहिचान, वर्गिकरण, वितरण तथा व्यवस्थापन सम्वन्धी सूचना प्रसार गर्न वेवसाइट तयार गर्ने।

६) बाह्य मिचाहा प्रजातिको व्यवस्थापनार्थ आवश्यक सूचना प्रदान गर्न हटलाइन सेवा सञ्चालन गर्ने।

७) डिभिजन वन कार्यालय, संरक्षित क्षेत्रका कार्यालय, वनस्पति अनुसन्धान केन्द्र, कृषि ज्ञान केन्द्र, भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, डिभिजन सडक कार्यालय, सिचाई कार्यालय तथा स्थानीय तहसँग बाह्य मिचाहा प्रजातिको बारेमा उपलब्ध तथ्याङ्क र सूचना आदानप्रदान गर्ने।

८) बाह्य मिचाहा प्रजातिका सम्बन्धमा कार्य गर्ने अन्तर्राष्ट्रिय निकायहरुसँग वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र मार्फत सूचना आदानप्रदान गर्ने।

**रणनीति ८: राष्ट्रिय तथा अन्तर्राष्ट्रिय साझेदारी, समन्वय, सहयोग तथा सञ्जाल विस्तार गरी बाह्य मिचाहा प्रजातिको नियमन तथा व्यवस्थापन गर्ने।**

**कार्यनीतिहरु:**

८.१) बाह्य मिचाहा प्रजाति सम्बन्धमा राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरुसँग समन्वय, साझेदारी तथा सञ्जाल विस्तार गरिनेछ।

८.२) बाह्य मिचाहा प्रजाति व्यवस्थापनका लागि भएका सूचना, प्रविधि तथा विगतका अनुभवहरु आदान प्रदान गरिनेछ।

**कार्यक्रम तथा क्रियाकलाप**

१) बाह्य मिचाहा प्रजाति सम्बन्धमा राष्ट्रिय सञ्जाल स्थापना गर्ने।

२) क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरुसँग समन्वय तथा साझेदारी गर्ने।

३) बाह्य मिचाहा प्रजाति व्यवस्थापनका लागि भएका सूचना, प्रविधि तथा अनुभवहरु आदानप्रदान गर्न बाह्य मिचाहा प्रजाति सम्बन्धमा नीतिगत बहस सञ्चालन गर्ने।

४) बैश्विक जैविक विविधता फ्रेमवर्क र लक्ष्य बमोजिम बाह्य मिचाहा प्रजाति सम्बन्धी नियमित प्रतिवेदन जैविक विविधता महासन्धि सचिवालयमा पेश गर्ने।

## १०. संस्थागत संरचना

बाह्य मिचाहा प्रजाति व्यवस्थापनको लागि सम्बन्धित निकायहरुसँग समन्वय गरी यस रणनीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न सहयोग पुर्‍याउने उद्देश्यले देहाय बमोजिमको राष्ट्रिय बाह्य मिचाहा प्रजाति व्यवस्थापन समन्वय समितिको गठन गरिनेछ:

संयोजक : सचिव, वन तथा वातावरण मन्त्रालय
सदस्य : महानिर्देशक, वन तथा भू-संरक्षण विभाग
सदस्य : महानिर्देशक, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
सदस्य : महानिर्देशक, वनस्पति विभाग
सदस्य : महानिर्देशक, कृषि विभाग
सदस्य : महानिर्देशक, पशु सेवा विभाग
सदस्य : महानिर्देशक, भन्सार विभाग
सदस्य : प्रदेश सचिव, वन हेर्ने प्रदेश मन्त्रालयहरु

सदस्य : प्रमुख, प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्र
सदस्य : प्रमुख, केन्द्रीय मत्सय प्रवर्द्धन तथा संरक्षण केन्द्र
सदस्य : सहसचिव स्तरको प्रतिनिधि, नेपाल बिज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान
सदस्य : वन तथा वातावरण मन्त्रालयबाट नियुक्त हुने विश्वविद्यालयका प्राध्यापक तथा बिज्ञहरुको प्रतिनिधि (कम्तिमा एक महिला सहित) तीन जना
सदस्य सचिव : महानिर्देशक, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र

समितिको सचिवालयको रुपमा वन तथा वातावरण मन्त्रालयको वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रले काम गर्नेछ। उक्त समितिको कार्यविधि समितिले आफै निर्धारण गरे बमोजिम हुनेछ। समितिले देहाय बमोजिमको कार्यहरु गर्नेछ।

१) बाह्य मिचाहा प्रजाति व्यवस्थापन सम्बन्धी अनुसन्धान, क्षमता अभिवृद्धि, आर्थिक र प्रशासिनक सवालमा जवाफदेहिता कायम गर्न र स्थानीय, प्रदेश तह र नेपाल सरकार एवं अन्य सरोकारवालाहरुलाई समन्वय, सहकार्य एवं सहभागिता गर्न मञ्च प्रदान गर्ने।
२) समितिले यस रणनीति कार्यान्वयन गर्न कार्यक्रम प्राथमिकीकरणको लागि समस्या पहिचान, रणनीति निमार्ण, समन्वय, क्षमता अभिवृद्धि, आर्थिक पहिचान एवं परिचालन, अनुगमन तथा मूल्याङ्कन र व्यवस्थापकीय सहयोग प्रदान गर्ने।
३) बाह्य मिचाहा प्रजातिसँग सम्बन्धित सन्धि सम्झौता तथा प्रतिवद्धतालाई कार्यान्वयनमा आवश्यक समन्वय र सहकार्य गर्ने।
४) बाह्य मिचाहा प्रजाति व्यवस्थापन रणनीति कार्यान्वयन गर्न नीति, ऐन, नियममा समय सापेक्षिक परिमार्जनको लागि सिफारिस गर्ने।
५) बाह्य मिचाहा प्रजाति व्यवस्थापनसँग सम्बन्धी क्रियाकलापहरु सञ्चालनको लागि आवश्यक श्रोतको व्यवस्थापन गर्न समन्वय गर्ने।
६) बाह्य मिचाहा प्रजाति व्यवस्थापन सम्बन्धी प्राविधिक समिति गठन गर्ने।
७) अन्य कार्यहरु गर्ने।

प्रदेश तथा स्थानीय स्तरमा सम्बन्धित सरोकारवालाहरुको प्रतिनिधित्व हुने गरी प्रदेश/स्थानीय स्तरीय बाह्य मिचाहा प्रजाति व्यवस्थापन कार्यान्वयन समितिको व्यवस्था गरिनेछ।

बाह्य मिचाहा प्रजाति रोकथाम, सिमितिकरण तथा नियन्त्रण सम्बन्धी कार्यक्रम वन तथा वातावरण मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गतका निकाय र प्रदेशका सम्बन्धित मन्त्रालय मातहतका कार्यालयहरु, स्थानीय तह, वन उपभोक्ता समूह, कृषि समूह तथा सम्बन्धित अन्य संघ संस्थाको सम्बन्ध, सहकार्य, समन्वय र सहयोगबाट कार्यान्वयन गरिनेछ।

## ११. आर्थिक पक्ष तथा वित्तीय व्यवस्थापन

यस रणनीतिमा उल्लिखित कार्यनीति र सोको आधारमा विभिन्न कार्यक्रम र क्रियाकलापहरु नेपाल सरकार वन तथा वातावरणको सालबसाली रुपमा विनियोजित बजेटबाट कार्यान्वयन गर्न सकिनेछ। यसका अलावा संघीय कृषि तथा पशुपन्छी विकास मन्त्रालय लगायत प्रदेश सरकारका सम्बन्धित मन्त्रालय र मातहतका सरकारी निकायहरुलाई कार्यान्वयनको लागि सालबसाली रुपमा बजेट विनियोजनका लागि अनुरोध गर्न सकिनेछ। यसका साथै दुईपक्षीय तथा बहुपक्षीय अन्तर्राष्ट्रिय सहयोग जुटाई यस रणनीति बमोजिमको वार्षिक योजना तथा कार्यक्रम सञ्चालन गर्न सकिनेछ। स्थानीय तहहरु र वन उपभोक्ता समूहहरुले समेत आफ्नो आम्दानीको केही प्रतिशत रकम बाह्य मिचाहा प्रजाति रोकथाम तथा नियन्त्रणमा खर्च गर्न सक्नेछन्।

## १२. कानूनी व्यवस्था

बाह्य मिचाहा प्रजाति व्यवस्थापन रणनीतिले विभिन्न क्षेत्रलाई समेट्ने हुँदा यसको कार्यान्वयनको लागि विभिन्न नीतिहरुमा यसलाई एकीकृत गराई सो लक्ष्य प्राप्त गर्ने सन्दर्भमा विद्यमान ऐन, नियम कानूनमा समयसापेक्ष सुधार एवं परिमार्जन गरी समन्वयात्मक ढङ्गले लागू गरिनेछ। यसका अतिरिक्त आवश्यक कार्यविधि, निर्देशिका र कार्यान्वयन योजना तयार गरी लागू गर्ने व्यवस्था मिलाइनेछ।

## १३. अनुगमन तथा मूल्याङ्कन

बाह्य मिचाहा प्रजाति व्यवस्थापन सम्बन्धी कार्यहरुको अनुगमन तथा मूल्याङ्कन सम्बन्धित सङ्घीय मन्त्रालय, मातहतका निकाय र प्रदेश तथा स्थानीय तहको संयन्त्रबाट

गरिने व्यवस्था मिलाइनेछ। उपर्युक्त अनुगमन प्रणालीलाई सम्बन्धित मन्त्रालयहरुको अनुगमन प्रणालीसँग एकीकृत गरिनेछ। प्रस्तुत रणनीतिको कार्यान्वयनबाट अपेक्षित प्रतिफल तथा उद्देश्य हासिल भए नभएको सम्बन्धमा अनुगमन र मूल्याङ्कन गर्न राष्ट्रिय बाह्य मिचाहा प्रजाति व्यवस्थापन समन्वय समितिको सम्बन्धित सबै निकायहरूसँग समन्वय गरी आवश्यक व्यवस्था मिलाउनेछ। अनुगमन तथा मूल्याङ्कनका लागि सरोकारवालाको सहभागितामा परिणाममा आधारित अनुगमन तथा मूल्याङ्कन खाका तयार गरी सोको आधारमा गरिनेछ ।यस रणनीतिको आवधिक प्रभाव मूल्याङ्कन राष्ट्रिय योजना आयोगले वन तथा वातावरण मन्त्रालयसँग समन्वय गरी गर्नेछ।

## १४. जोखिम

बाह्य मिचाहा प्रजातिले नेपालको महत्वपूर्ण जैविक विविधता तथा पारस्थितिकीय प्रणालीमा नकारात्मक असर पारिरहेको छ जसले प्रकृति, मानिसको लागि प्रकृतिको योगदान र गुणस्तरीय जीवनको लागि चुनौति थपिदै गएको छ तसर्थ यसको व्यवस्थापनले वन क्षेत्र, कृषि क्षेत्र, सिमसार तथा चरनको हैसियतमा सुधार आई यसमा आश्रित समुदायको जीविकोपार्जनमा पनि सकारात्मक प्रभाव हुने हुँदा यस रणनीतिको कार्यान्वयनबाट कुनै उल्लेखनीय जोखिम हुने देखिँदैन।

यद्यपि, बजेट तथा लगानीको अभाव तथा सरोकारवालाहरुको सहभागिता र समन्वयमा कमी भएमा यस रणनीति तथा कार्यान्वयन योजनाको अपेक्षित उपलब्धिहरु समयमा नै प्राप्त नहुने जोखिम रहनेछ।

## १५.परिमार्जन

बाह्य मिचाहा प्रजाति व्यवस्थापन रणनीतिलाई आवश्यकता अनुसार पुनरावलोकन एवम् परिमार्जन गर्न सकिनेछ।

| | क्रियाकलापहरु | सूचाङ्क | (स्वीकृत | | | |
|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ |
| १ | सर्वेक्षण, अध्ययन, अनुसन्धान तथा अनुगमन | | | | | |
| १.१ | बाह्य मिचाहा प्रजातिको जोखिम विश्लेषण गरी सर्वेक्षण, नक्साङ्कन गर्ने । | सर्वेक्षण प्रतिवेदन, नक्सा र प्रकाशन | | | | |
| १.२ | नेपालमा पाइने बाह्य मिचाहा प्रजातिको अभिलेखीकरण गर्ने । | मिचाहा प्रजातिको तथ्याङ्क र अभिलेख तयार | | | | |
| १.३ | बाह्य मिचाहा प्रजातिको प्रभाव सम्बन्धी अध्ययन अनुसन्धान गर्ने । | बाह्य मिचाहा प्रजातिको प्रभाव सम्बन्धी अध्ययन प्रतिवेदन, प्रकाशन | | | | |
| १.४ | स्थापित भैसकेका बाह्य मिचाहा प्रजातिहरूको सम्भाव्य उपयोग सम्बन्धमा अध्ययन अनुसन्धान गर्ने । | उपयोगहरुको पहिचान, प्रकाशन, प्रतिवेदन | | | | |
| १.५ | बाह्य मिचाहा प्रजातिको फैलिने माध्यम सम्बन्धमा अध्ययन अनुसन्धान गर्ने । | मिचाहा प्रजातिको आयात र फैलिने मार्ग र माध्यम पहिचान, प्रकाशन | | | | |
| १.६ | अन्य मुलुकमा मिचाहा प्रवृत्ति देखाएका तर नेपालमा नभएका प्रजातिहरुको जोखिम विश्लेषण गर्ने । | जोखिमयुक्त मिचाहा प्रजातिको पहिचान र सूची प्रकाशन | | | | |
| १.७ | बाह्य मिचाहा प्रजातिहरूको व्यवस्थापन गर्न अपनाइएका परम्परागत ज्ञान, सीप तथा प्रविधिको अध्ययन अनुसन्धान गरी सोको प्रभावकारिता आँकलन गर्ने | व्यवस्थापनका परम्परागत ज्ञान, सीप तथा प्रविधिको डकुमेन्टेशन | | | | |
| १.८ | स्थापित भैसकेका बाह्य मिचाहा प्रजातिहरूको नियन्त्रण गर्ने उपयुक्त प्रविधिको विकास गर्न अध्ययन अनुसन्धान गर्ने । | बाह्य मिचाहा प्रजाति नियन्त्रण सम्बन्धि प्रविधि पहिचान र सिफारिश | | | | |

| समयावधि<br>भएको आ.व.देखि वर्ष) | | | | | | जिम्मेवार निकाय | सहयोगी निकाय | बजेट रु. (लाख) |
|---|---|---|---|---|---|---|---|---|
| ५ | ६ | ७ | ८ | ९ | १० | | | |
| | | | | | | | | |
| | | | | | | व.अ.प्र.के/ने.कृ.अ.प. | व.वि/वि.वि/अ.अ.मू.सं./ व.त.भू.संवि/रा.नि.त.व.सं.वि. | १०० |
| | | | | | | व.अ.प्र.के/ने.कृ.अ.प. | व.वि/वि.वि/अ.अ.मू.सं. | ३० |
| | | | | | | व.अ.प्र.के/ने.कृ.अ.प/व.वि | वि.वि/अ.अ.मू.सं. | २०० |
| | | | | | | व.अ.प्र.के/ने.कृ.अ.प. | व.वि/वि.वि/अ.अ.मू.सं. | ५० |
| | | | | | | व.अ.प्र.के/ने.कृ.अ.प. | व.वि/वि.वि/अ.अ.मू.सं. | ५० |
| | | | | | | प्क्वा.वि.व्य.के/व.अ.प्र.के. | व.वि/वि.वि/अ.अ.मू.सं. | ५० |
| | | | | | | व.अ.प्र.के/व.वि./ने.कृ.अ.प. | व.वि./वि.वि/अ.अ.मू.सं. | ४० |
| | | | | | | व.अ.प्र.के/व.वि/ने.कृ.अ.प. | व.वि/वि.वि/अ.अ.मू.सं. | ५० |

| | क्रियाकलापहरु | सूचाङ्क | (स्वीकृत | | | |
|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ |
| १.९ | बाह्य मिचाहा प्रजातिको सर्वेक्षणलाई राष्ट्रिय वन स्रोत सर्वेक्षण कार्यमा तथा कृषि तर्फको सर्भे सर्भेलेन्स कार्यमा समावेश गर्ने । | बाह्य मिचाहा प्रजातिको सर्वेक्षण विधि राष्ट्रिय वन स्रोत सर्भेक्षण र कृषि सर्भिलेन्समा समाविष्ट | | | | |
| १.१० | अनुसन्धानमूलक संघसंस्था तथा विश्वविद्यालयसँग समन्वय सहकार्य तथा साझेदारी गर्ने । | अनुसन्धानमूलक संघसंस्था तथा विश्वविद्यालयसँग समन्वय, सहकार्य तथा साझेदारी | | | | |
| १.११ | वाह्य मिचाहा प्रजाति सम्बन्धी अनुसन्धानका लागि स्नाकोत्तर तथा विद्यावारिधीका विद्यार्थीहरुलाई शोधपत्र अनुदान तथा अनुसन्धानमा आधारित इन्टर्नशिप कार्यक्रम सञ्चालन गर्ने । | बाह्य मिचाहा प्रजाति सम्बन्धमा स्नाकोत्तर तथा विद्यावारिधीका विद्यार्थीहरुलाई इन्टर्नशिप | | | | |
| १.१२ | सरोकारवालाहरुको क्षमता अभिवृद्धिका लागि तालिम, अध्ययन भ्रमण तथा उच्च शिक्षा अध्ययनमा सहयोग गर्ने। | तालिम, अध्ययन भ्रमण तथा उच्च शिक्षा अध्ययन | | | | |
| २ | रोकथाम, नियन्त्रण तथा जोखिम न्यूनीकरण र पूर्व तयारी । | | | | | |
| २.१ | बाह्य मिचाहा प्रजाति सम्भावित प्रवेश नाकाहरुको पहिचान गर्ने । | सम्भावित प्रवेश नाकाहरुको पहिचान | | | | |
| २.२ | क्वारेन्टाइनको सुदृढीकरण गर्ने। | क्वारेन्टाइन सुदृढीकरण | | | | |
| २.३ | बाह्य मिचाहा प्रजातिको प्रवेश नाका र फैलिने माध्यमको अभिलेख राख्ने । | बाह्य मिचाहा प्रजातिको अभिलेख | | | | |
| २.४ | बाह्य मिचाहा प्रजातिको जोखिम मूल्याङ्कन गरी वर्गिकरण गर्ने। | जोखिमको आधारमा बाह्य मिचाहा प्रजातिको वर्गिकरण | | | | |

| समयावधि (... भएको आ.व.देखि वर्ष) | | | | | | जिम्मेवार निकाय | सहयोगी निकाय | बजेट रु. (लाख) |
|---|---|---|---|---|---|---|---|---|
| ५ | ६ | ७ | ८ | ९ | १० | | | |
| | | | | | | व.अ.प्र.के/ कृ.वि. | व.त.वा.म. तथा कृ.त.प.पं.वि.म. सम्बन्धित प्रदेश मन्त्रालयहरु | १० |
| | | | | | | व.त.वा.म. तथा कृ.त.प.पं.वि.म. सम्बन्धित प्रदेश मन्त्रालयहरु | वि.वि./अ.अ.मू.सं. | ३० |
| | | | | | | व.त.वा.म. तथा कृ.त.प.पं.वि.म. सम्बन्धित प्रदेश मन्त्रालयहरु | | १०० |
| | | | | | | व.त.वा.म. तथा कृ.त.प.पं.वि.म. सम्वन्धित प्रदेश मन्त्रालयहरु | वि.वि/अ.अ.मू.सं. | १०० |
| | | | | | | | | |
| | | | | | | प्ला.क्वा.त.वि.व्य.के./ व.अ.त.प्र.के./नेकृअप | वि.वि/अ.अ.मू.सं. | ५० |
| | | | | | | प्ला.क्वा.त.वि.व्य.के | व.त.वा.म. तथा कृ.त.प.पं.वि.म. सम्बन्धित प्रदेश मन्त्रालयहरु | १०० |
| | | | | | | प्ला.क्वा.त.वि.व्य.के./ व.अ.त.प्र.के./नेकृअप | व.त.भू.वि./कृ.वि./रा.नि. व.सं.वि. | ५० |
| | | | | | | व.अ.त.प्र.के./नेकृअप | वि.वि/अ.अ.मू.सं. | २० |

| | क्रियाकलापहरु | सूचाङ्क | (स्वीकृत | | | |
|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ |
| २.५ | बाह्य प्रजातिहरुको जोखिम मूल्याङ्कन गरेर मात्र आयात अनुमति प्रदान गर्ने । | जोखिम मूल्याङ्कन गरेर बाह्य प्रजातिहरु भित्र्याउने कानूनी व्यवस्था | | | | |
| २.६ | जोखिमयुक्त बाह्य मिचाहा प्रजातिको खेती, रोपण, बेचविखन तथा ओसारपसारमा प्रतिबन्ध गर्ने। | जोखिमयुक्त बाह्य मिचाहा प्रजातिको खेती, रोपण, बेचविखन तथा ओसारपसार प्रतिबन्ध गर्ने कानूनी व्यवस्था | | | | |
| २.७ | जोखिमजन्य मिचाहा प्रजाति नेपालमा ल्याउने र नेपाल भित्र फैलाउने व्यक्ति तथा संघसंस्थालाई कानून बमोजिम दण्डित गर्ने । | जोखिमजन्य मिचाहा प्रजाति भित्र्याउने र फैलाउनेलाई दण्डित गर्ने कानूनी व्यवस्था | | | | |
| २.८ | बाह्य मिचाहा प्रजातिको खेती, बेचविखन, प्रवेश तथा ओसारपसारमा नियन्त्रण गर्ने संयन्त्र विकास गर्ने। | बाह्य मिचाहा प्रजातिको खेती, बेचविखन, प्रवेश तथा ओसारपसारमा नियन्त्रण गर्ने संयन्त्र विकास भएको हुने। | | | | |
| ३ | बाह्य मिचाहा प्रजातिको नियन्त्रण गर्न र थप विस्तार हुन नदिन कार्यक्रम सञ्चालन गर्ने । | | | | | |
| ३.१ | स्थापित भैसकेका बाह्य मिचाहा प्रजातिहरुको प्रभाव र प्रकोपको आधारमा प्राथमिकीकरण गर्ने । | बाह्य मिचाहा प्रजातिको प्रभावका आधारमा प्राथमिकीकरण | | | | |
| ३.२ | प्राथमिकीकरणको आधारमा बाह्य मिचाहा प्रजातिको प्रजाति विशेष व्यवस्थापन कार्ययोजना तयार गर्ने। | बाह्य मिचाहा प्रजातिको प्रजाति विशेष व्यवस्थापन कार्ययोजना | | | | |

| समयावधि भएको आ.व.देखि वर्ष) | | | | | | जिम्मेवार निकाय | सहयोगी निकाय | बजेट रु. (लाख) |
|---|---|---|---|---|---|---|---|---|
| ५ | ६ | ७ | ८ | ९ | १० | | | |
| | | | | | | व.त.वा.म तथा कृ.त.प.पं.वि.म सम्वन्धित प्रदेश मन्त्रालयहरु | प्ला.क्वा.त.वि.व्य.के/व.त.भू.वि/कृ.वि/रा.नि.व.सं.वि. | २० |
| | | | | | | व.त.वा.म तथा कृ.त.प.पं.वि.म सम्बन्धित प्रदेश मन्त्रालयहरु | व.त.भू.वि/कृ.वि/रा.नि.व.सं.वि. | २० |
| | | | | | | व.त.वा.म तथा कृ.त.प.पं.वि.म सम्वन्धित प्रदेश मन्त्रालयहरु | व.त.भू.वि/कृ.वि/रा.नि.व.सं.वि. | २० |
| | | | | | | व.त.वा.म तथा कृ.त.प.पं.वि.म सम्वन्धित प्रदेश मन्त्रालयहरु | व.त.भू.वि/कृ.वि/रा.नि.व.सं.वि. | २० |
| | | | | | | | | |
| | | | | | | व.अ.त.प्र.के/नेकृअप/प्ला.क्वा.त.वि.व्य.के. | व.त.भू.वि./कृ.वि/रा.नि.व.सं.वि./व.वि. | ५० |
| | | | | | | व.त.भू.वि/कृ.वि/रा.नि.व.सं.वि. | | २०० |

| | क्रियाकलापहरु | सूचाङ्क | (स्वीकृत | | | |
|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ |
| ३.३ | वन व्यवस्थापन कार्ययोजना, संरक्षित क्षेत्र व्यवस्थापन योजना, सिमसार व्यवस्थापन योजना, जलाधार व्यवस्थापन योजना, वनस्पति उद्यान व्यवस्थापन योजना, चिडियाखाना व्यवस्थापन योजना, सडक छेउ वृक्षारोपण योजना, नदी नियन्त्रण योजना आदिमा अनिवार्य रूपमा मिचाहा प्रजातिको अवस्थाको पहिचान गरी तिनीहरूको व्यवस्थापन बारे छुट्टै विशेष योजनाको परिच्छेद थप गरी कार्यान्वयन गर्ने। | वन व्यवस्थापन कार्ययोजना, संरक्षित क्षेत्र व्यवस्थापन योजना, सिमसार व्यवस्थापन योजना, जलाधार व्यवस्थापन योजना, वनस्पति उद्यान व्यवस्थापन योजना, चिडिया खाना व्यवस्थापन योजना, सडक छेउ वृक्षारोपण योजना, नदी नियन्त्रण योजना आदिमा मिचाहा प्रजाति सम्बन्धमा छुट्टै खण्ड समाविष्ट | | | | |
| ३.४ | स्थापित भैसकेका बाह्य मिचाहा प्रजातिहरुको उपयुक्त भौतिक, रासायनिक तथा जैविक नियन्त्रण विधि प्रयोग गरी व्यवस्थापन गर्ने। | स्थापित भैसकेका बाह्य मिचाहा प्रजातिहरुको उपयुक्त भौतिक, रासायनिक तथा जैविक नियन्त्रण विधिको प्रयोग | | | | |
| ३.५ | बाह्य मिचाहा प्रजातिहरुको व्यवस्थापन कार्य गर्न आवश्यक सरकारी स्टाण्डर्ड नर्मशको व्यवस्था गर्ने। | नर्मशको व्यवस्था | | | | |
| ३.६ | वातावरणीय अध्ययन प्रतिवेदनमा मिचाहा प्रजातिको सर्वेक्षण तथा जोखिम विश्लेषण गरी वातावरणीय व्यवस्थापन योजनामा मिचाहा प्रजातिको व्यवस्थापन योजना समावेश गरी कार्यान्वयनका लागि बजेट व्यवस्था गर्ने । | वातावरणीय अध्ययन गर्दा मिचाहा प्रजातिको सर्वेक्षण तथा व्यवस्थापन योजना समाविष्ट | | | | |

| समयावधि<br>(... भएको आ.व.देखि वर्ष) | | | | | | जिम्मेवार निकाय | सहयोगी निकाय | बजेट रु. (लाख) |
|---|---|---|---|---|---|---|---|---|
| ५ | ६ | ७ | ८ | ९ | १० | | | |
| | | | | | | व.त.भू.वि./कृ.वि./<br>रा.नि.व.सं.वि./व.वि | व.त.वा.म. तथा<br>कृ.त.प.पं.वि.म.<br>सम्बन्धित प्रदेश<br>मन्त्रालयहरु/व.वि. | १०० |
| | | | | | | व.त.भू.वि./कृ.वि./<br>रा.नि.व.सं.वि. | व.त.वा.म. तथा<br>कृ.त.प.पं.वि.म सम्बन्धित<br>प्रदेश मन्त्रालयहरु/व.वि. | २४० |
| | | | | | | व.त.वा.म. तथा<br>कृ.त.प.पं.वि.म. सम्बन्धित<br>प्रदेश मन्त्रालयहरु | व.त.भू.वि./कृ.वि/रा.नि.<br>व.सं.वि /व.वि./<br>सम्बन्धित प्रदेश<br>मन्त्रालयहरु/स्था.नि. | २० |
| | | | | | | व.त.वा.म/सम्बन्धित प्रदेश<br>मन्त्रालयहरु | व.त.भू.वि./रा.नि.व.सं.वि. | २० |

| | क्रियाकलापहरु | सूचाङ्क | (स्वीकृत | | | |
|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ |
| ३.७ | बाह्य मिचाहा प्रजाति सम्बन्धी सूचना प्रणालीको विकास गर्ने। | बाह्य मिचाहा प्रजाति सम्बन्धी सूचना प्रणालीको विकास | | | | |
| ३.८ | समुदायको सहकार्यमा बाह्य मिचाहा प्रजाति व्यवस्थापन कार्यक्रमहरु सञ्चालन गर्ने। | बाह्य मिचाहा प्रजाति व्यवस्थापन | | | | |
| ३.९ | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समन्वय तथा सहयोगमा बाह्य मिचाहा प्रजाति नियन्त्रणका लागि जैविक नियन्त्रण कार्यक्रम आवश्यकता अनुरुप सञ्चालन गर्ने। | जैविक नियन्त्रण कार्यक्रम सञ्चालन | | | | |
| ३.१० | बाह्य मिचाहा प्रजातिको एक स्वास्थ्य (One health) अवधारणा अनुरुप व्यवस्थापन गर्ने। | एक स्वस्थ्य अवधारणा अनुरुप व्यवस्थापन | | | | |
| ४ | क्षमता विकास तथा जनचेतना अभिबृद्धि गरिनेछ | | | | | |
| ४.१ | बाह्य मिचाहा प्रजाति व्यवस्थापनसँग सम्बन्धित सरोकारवालाहरुलाई तालिम केन्द्रबाट तालिम सञ्चालन गर्दा अनिवार्य रुपमा बाह्य मिचाहा प्रजाति सम्बन्धमा सत्र सञ्चालन गर्ने। | सरोकारवालाहरुको तालिममा बाह्य मिचाहा प्रजाति समाविष्ट | | | | |
| ४.२ | बाह्य मिचाहा प्रजातिको व्यवस्थापनलाई थप प्रभावकारी बनाउन संलग्न जनशक्तिलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय भ्रमण, अध्ययन, तालिम सञ्चालन गर्ने। | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अध्ययन, तालिम, भ्रमणको कार्यक्रम | | | | |
| ४.३ | बाह्य मिचाहा प्रजाति सम्बन्धी जनचेतना अभिवृद्धिका लागि प्रचारप्रसारका सामग्री उत्पादन, वितरण र प्रसारण गर्ने। | प्रचारप्रसारका सामग्री उत्पादन, वितरण र प्रसारण | | | | |

| समयावधि (... भएको आ.व.देखि वर्ष) | | | | | | जिम्मेवार निकाय | सहयोगी निकाय | बजेट रु. (लाख) |
|---|---|---|---|---|---|---|---|---|
| ५ | ६ | ७ | ८ | ९ | १० | | | |
| | | | | | | व.अ.त.प्र.के./नेकृअप | व.वि./वि.वि. | ९० |
| | | | | | | व.त.भू.वि/कृ.वि/रा.नि.व.सं.वि /व.वि/ सम्वन्धित प्रदेश मन्त्रालयहरु/स्था.नि | व.त.वा.म/कृ.त.प.पं.वि.म /सम्वन्धित प्रदेश मन्त्रालयहरु | १०० |
| | | | | | | व.त.भू.वि/कृ.वि/रा.नि.व.सं.वि /व.वि./सम्बन्धित प्रदेश मन्त्रालयहरु/स्था.नि | व.अ.त.प्र.के/नेकृअप/व. वि. | ५५ |
| | | | | | | व.त.भू.वि./कृ.वि./रा.नि.व.सं. वि./व.वि./सम्बन्धित प्रदेश मन्त्रालयहरु/स्था.नि. | व.अ.त.प्र.के/नेकृअप/व. वि. | ३५ |
| | | | | | | | | |
| | | | | | | व.त.वा.म तथा कृ.त.प.पं.वि.म सम्बन्धित प्रदेश मन्त्रालयहरु | व.अ.त.प्र.के./ने.कृ.ता.के. | १० |
| | | | | | | व.त.वा.म. तथा कृ.त.प.पं.वि.म/ सम्बन्धित प्रदेश मन्त्रालयहरु | व.त.भू.वि./कृ.वि/रा.नि.व .सं.वि./व.वि/ सम्वन्धित प्रदेश मन्त्रालयहरु/ स्था.नि. | १२० |
| | | | | | | प्ला.क्वा.त.वि.व्य.के./ व.अ.त.प्र.के. | व.त.भू.वि/कृ.वि/रा.नि.व. सं.वि /व.वि./सम्बन्धित प्रदेश | ५० |

| | क्रियाकलापहरु | सूचाङ्क | (स्वीकृत | | | |
|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ |
| | | | | | | |
| ४.४ | बाह्य मिचाहा प्रजातिबाट सिर्जित समस्या तथा चुनौति बारेमा जागरुकता बढाउन वर्षेनी बाह्य मिचाहा प्रजाति विरुद्धको जागरुकता सप्ताह आयोजना गर्ने। | बाह्य मिचाहा प्रजातिको जागरुकता सप्ताह आयोजना | | | | |
| ४.५ | बाह्य मिचाहा प्रजातिको अवस्था, विस्तार, प्रभाव, रोकथाम, नियन्त्रण र व्यवस्थापन बारे पाठयक्रम तयार गरी स्थानीय तहको समन्वयमा अनौपचारिक तथा विद्यालय शिक्षामा समावेश गर्ने । | अनौपचारिक तथा विद्यालय शिक्षामा बाह्य मिचाहा प्रजाति विषय समावेश | | | | |
| ४.६ | बाह्य मिचाहा प्रजातिको रोकथाम तथा नियन्त्रणका लागि स्थानीय संघ/संस्था, समूहका लागि स्थानीय भाषा र स्थानीयस्तरमा जनचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने। | स्थानीय संघ/संस्था, समूहका लागि चेतना अभिवृद्धि कार्यक्रम सञ्चालन भएको हुने | | | | |
| ४.७ | विज्ञहरुको सहयोगमा जनचेतना अभिवृद्धि सम्बन्धी श्रब्यदृश्य लगायतका प्रचार सामग्री तयार गरी वितरण गर्ने। | जनचेतना अभिवृद्धि सम्बन्धी श्रब्यदृश्य लगायतका प्रचार सामग्री तयार भएको हुने | | | | |
| ४.८ | स्थानीय तह र स्थानीय समुदायको सहकार्यमा बाह्य मिचाहा प्रजातिको व्यवस्थापन गर्न स्थानीय तह, वन उपभोक्ता समूह, कृषि समूह, स्थानीय समुदाय र आदिवासी जनजातिलाई तालिम सञ्चालन गर्ने। | स्थानीय तह, वन उपभोक्ता समूह, कृषि समूह, स्थानीय समुदाय र आदिवासी जनजातिलाई तालिम सञ्चालन | | | | |

| समयावधि (... भएको आ.व.देखि वर्ष) | | | | | | जिम्मेवार निकाय | सहयोगी निकाय | बजेट रु. (लाख) |
|---|---|---|---|---|---|---|---|---|
| ५ | ६ | ७ | ८ | ९ | १० | | | |
| | | | | | | | मन्त्रालयहरु/स्था.नि. | |
| | | | | | | व.त.भू.वि/कृ.वि/रा.नि.व.सं.वि /व.वि/सम्बन्धित प्रदेश मन्त्रालयहरु/स्था.नि. | प्ला.क्वा.त.वि.व्य.के/ व.अ.त.प्र.के. | १०० |
| | | | | | | व.त.वा.म तथा कृ.त.प.पं.वि.म सम्बन्धित प्रदेश मन्त्रालयहरु | व.त.भू.वि/कृ.वि/रा.नि.व. सं.वि /व.वि/ सम्बन्धित प्रदेश मन्त्रालयहरु/ स्था.नि/पा.वि.के. | १० |
| | | | | | | व.त.भू.वि/कृ.वि/रा.नि.व.सं.वि /व.वि/सम्बन्धित प्रदेश मन्त्रालयहरु/स्था.नि. | व.त.वा.म. तथा कृ.त.प.पं.वि.म सम्बन्धित प्रदेश मन्त्रालयहरु | ११० |
| | | | | | | प्ला.क्वा.त.वि.व्य.के./ व.अ.त.प्र.के. | व.त.वा.म तथा कृ.त.प.पं.वि.म. सम्बन्धित प्रदेश मन्त्रालयहरु | ८० |
| | | | | | | व.त.भू.वि./कृ.वि/रा.नि.व.सं.वि /व.वि/ सम्बन्धित प्रदेश मन्त्रालयहरु/स्था.नि. | व.त.वा.म तथा कृ.त.प.पं.वि.म सम्बन्धित प्रदेश मन्त्रालयहरु | ९० |

| | क्रियाकलापहरु | सूचाङ्क | (स्वीकृत | | | |
|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ |
| ५ | पूर्व सूचना, निगरानी तथा आकस्मिक उपचार | | | | | |
| ५.१ | बाह्य मिचाहा प्रजातिको पहिचानका लागि फिल्डगाइड म्यानुअल तथा हैण्डबुकहरु तयार गरी वितरण गर्ने। | बाह्य मिचाहा प्रजातिको पहिचानका लागि फिल्डगाइड किताव प्रकाशन | | | | |
| ५.२ | बाह्य मिचाहा प्रजातिको निगरानी तथा अनुगमनका लागि कार्यविधि तयार गर्ने। | बाह्य मिचाहा प्रजातिको निगरानी तथा अनुगमनका लागि कार्यविधि तयार | | | | |
| ५.३ | हालसालै पहिचान गरिएका र सानो क्षेत्रमा मात्रै फैलिएका प्रजातिको द्रुत व्यवस्थापनका लागि आकस्मिक कोषको व्यवस्था गर्ने। | द्रुत व्यवस्थापनका लागि आकस्मिक कोषको व्यवस्था | | | | |
| ५.४ | सूचना प्रविधि र सूचनाको स्रोतलाई उपयोग गर्दै बाह्य मिचाहा प्रजातिको निगरानी विधि तय गर्ने। | बाह्य मिचाहा प्रजातिको उपयुक्त निगरानी | | | | |
| ५.५ | देशभित्र एकस्थानमा देखिएको र अन्यत्र फैलिन सक्ने संभावना भएको बाह्य मिचाहा प्रजातिको बारेमा अन्य प्रदेश र स्थानीय तहहरुलाई जोखिम र हुन सक्ने प्रकोपका बारे समयमा नै जानकारी गराउने । | फैलिन सक्ने संभावना भएको बाह्य मिचाहा प्रजाति सम्बन्धमा जोखिम र हुन सक्ने प्रकोपका जानकारी | | | | |
| ६ | नियमन तथा कार्यक्रम संचालन | | | | | |
| ६.१ | बाह्य मिचाहा प्रजातिको समस्या तथा चुनौतिहरुलाई सम्बोधन हुने कानूनी व्यवस्था गर्ने। | बाह्य मिचाहा प्रजातिको सम्बन्धमा कानूनी व्यवस्था | | | | |
| ६.२ | नेपालका क्वारेन्टाइनमा संलग्न पदाधिकारीहरुलाई बाह्य मिचाहा प्रजाति | बाह्य मिचाहा प्रजाति नियमनमा सुदृढीकरण | | | | |

| समयावधि (... भएको आ.व.देखि वर्ष) | | | | | | जिम्मेवार निकाय | सहयोगी निकाय | बजेट रु. (लाख) |
|---|---|---|---|---|---|---|---|---|
| ५ | ६ | ७ | ८ | ९ | १० | | | |
| | | | | | | | | |
| | | | | | | प्ला.क्वा.त.वि.व्य.के./ व.अ.त.प्र.के. | व.त.वा.म./कृ.त.प.पं.वि.म. | १०० |
| | | | | | | प्ला.क्वा.त.वि.व्य.के/ व.अ.त.प्र.के. | व.त.वा.म/कृ.त.प.पं.वि.म. | ४० |
| | | | | | | व.त.भू.वि/कृ.वि/रा.नि.व.सं.वि/व.वि/ डि.व.का/स्था.नि/ व.उ.स. | व.त.वा.म/कृ.त.प.पं.वि.म/सम्बन्धित प्रदेश मन्त्रालयहरु | ११० |
| | | | | | | व.त.भू.वि/कृ.वि/रा.नि.व.सं.वि/व.वि/ सम्बन्धित प्रदेश मन्त्रालयहरु/स्था.नि. | व.त.वा.म/कृ.त.प.पं.वि.म. | ३० |
| | | | | | | प्ला.क्वा.त.वि.व्य.के/ व.अ.त.प्र.के. | व.त.भू.वि/कृ.वि/रा.नि.व.सं.वि./व.वि./सम्बन्धित प्रदेश मन्त्रालयहरु/ स्था.नि. | २० |
| | | | | | | | | |
| | | | | | | व.त.वा.म तथा कृ.त.प.पं.वि.म सम्बन्धित प्रदेश मन्त्रालयहरु/ | व.त.भू.वि/कृ.वि/रा.नि.व.सं.वि./व.वि./सम्बन्धित प्रदेश मन्त्रालयहरु/ स्था.नि. | २० |
| | | | | | | प्ला.क्वा.त.वि.व्य.के. | कृ.त.प.पं.वि.म. | ३० |

| | क्रियाकलापहरु | सूचाङ्क | (स्वीकृत | | | |
|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ |
| | र यसको संभावित जोखिम सम्बन्धी जानकारी प्रदान गरेर नियमनकारी भूमिकालाई प्रभावकारी गर्ने । | | | | | |
| ६.३ | क्वारेन्टाइन र नियमनकारी व्यवस्था बारे सबैले बुझ्ने भाषामा नियमित सूचना प्रवाह गर्ने । | बाह्य मिचाहा प्रजाति क्वारेन्टाइन र नियमनकारी व्यवस्था सम्बन्धमा सूचना प्रवाह | | | | |
| ६.४ | क्षतिग्रस्त जमिनको पुनरुत्थान तथा पुनस्थापना गर्दा रैथाने प्रजाति रोपणलाई प्राथमिकता दिने। | पुनरुत्थान तथा पुनस्थापना गर्दा रैथाने प्रजाति रोपण | | | | |
| ६.५ | प्रादेशिक र स्थानीय तहमा उपयुक्त संस्थागत संरचना निर्माण गर्ने। | प्रादेशिक र स्थानीय तहमा उपयुक्त संस्थागत संरचना विकास | | | | |
| ६.६ | प्रादेशिक र स्थानीय तहमा बाह्य मिचाहा प्रजातिको व्यवस्थापन सम्बन्धी कार्यविधि तयार गर्ने। | प्रादेशिक र स्थानीय तहमा बाह्य मिचाहा प्रजातिको व्यवस्थापन सम्बन्धी कार्यविधि | | | | |
| ७ | सूचना आदान प्रदान, समन्वय र सहकार्य | | | | | |
| ७.१ | सरोकारवालालाई बाह्य मिचाहा प्रजाति सम्बन्धी सूचना/तथ्याङ्क तथा अनुसन्धान/सर्वेक्षणका नतिजाहरु प्रकाशन गर्ने। | बाह्य मिचाहा प्रजाति सम्बन्धी सूचना/तथ्यांक तथा नतिजाहरु प्रकाशन | | | | |
| ७.२ | बाह्य मिचाहा प्रजाति सम्बन्धी विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्था र विश्वविद्यालयबाट भएका अध्ययन र अनुसन्धानलाई संश्लेषण गरी स्थानीय भाषामा प्रसार सामग्री तयार गर्ने। | बाह्य मिचाहा प्रजाति सम्बन्धी भएका अध्ययन र अनुसन्धानको संश्लेषण गरी स्थानीय भाषामा प्रसार सामग्री प्रकाशन | | | | |

| समयावधि (… भएको आ.व.देखि वर्ष) | | | | | | जिम्मेवार निकाय | सहयोगी निकाय | बजेट रु. (लाख) |
|---|---|---|---|---|---|---|---|---|
| ५ | ६ | ७ | ८ | ९ | १० | | | |
| | | | | | | | | |
| | | | | | | प्ला.क्वा.त.वि.व्य.के. | कृ.त.प.पं.वि.म. | ५५ |
| | | | | | | व.त.भू.वि/कृ.वि/रा.नि.व.सं.वि /व.वि./सम्बन्धित प्रदेश मन्त्रालयहरु/स्था.नि. | कृ.त.प.पं.वि.म./ व.त.वा.म./सम्बन्धित प्रदेश मन्त्रालयहरु/ स्था.नि. | २० |
| | | | | | | सम्बन्धित प्रदेश मन्त्रालयहरु/स्था.नि. | सम्बन्धित प्रदेश मन्त्रालयहरु/स्था.नि. | २० |
| | | | | | | सम्बन्धित प्रदेश मन्त्रालयहरु/स्था.नि. | कृ.त.प.पं.वि.म./ व.त.वा.म./सम्बन्धित प्रदेश मन्त्रालयहरु | ३५ |
| | | | | | | | | |
| | | | | | | प्ला.क्वा.त.वि.व्य.के./ व.अ.त.प्र.के./ने.कृ.अ.प. | व.त.भू.वि./कृ.वि/रा.नि. व.सं./व.वि./सम्वन्धित प्रदेश मन्त्रालयहरु/ स्था.नि./वि.वि | ४५ |
| | | | | | | प्ला.क्वा.त.वि.व्य.के/ व.अ.त.प्र.के/ने.कृ.अ.प | व.त.भू.वि./कृ.वि./रा.नि. व.सं.वि./व.वि./सम्वन्धि त प्रदेश मन्त्रालयहरु/ स्था.नि./वि.वि. | ४० |

| | क्रियाकलापहरु | सूचाङ्क | (स्वीकृत | | | |
|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ |
| ७.३ | बाह्य मिचाहा प्रजातिसँग सम्बन्धित राष्ट्रिय अभियानको संचालन गर्ने। | बाह्य मिचाहा प्रजातिसँग सम्बन्धित राष्ट्रिय अभियानको सञ्चालन | | | | |
| ७.४ | बाह्य मिचाहा प्रजाति व्यवस्थापन गर्न आवश्यक तथ्याङ्क, विज्ञता तथा अनुभव आदानप्रदान गर्न संघ, प्रदेश तथा स्थानीय तहको साझामञ्चको व्यवस्था गर्ने। | संघ, प्रदेश तथा स्थानीय तहको साझामञ्च स्थापना | | | | |
| ७.५ | बाह्य मिचाहा प्रजाति पहिचान, वर्गिकरण, वितरण तथा व्यवस्थापन सम्बन्धी सूचना प्रसार गर्न वेवसाइट तयार गर्ने। | बाह्य मिचाहा प्रजाति पहिचान सम्बन्धमा वेवसाइट | | | | |
| ७.६ | बाह्य मिचाहा प्रजातिको व्यवस्थापनार्थ आवश्यक सूचना प्रदान गर्न हटलाइन सेवा सञ्चालन गर्ने। | बाह्य मिचाहा प्रजातिको व्यवस्थापनार्थ आवश्यक सूचना प्रदान गर्न हटलाइन सेवा सञ्चालन | | | | |
| ७.७ | डिभिजन वन कार्यालय, संरक्षित क्षेत्रका कार्यालय, कृषि ज्ञान केन्द्र, भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, डिभिजन सडक कार्यालय, सिचाई कार्यालय तथा स्थानीय तहसँग बाह्य मिचाहा प्रजातिको बारेमा उपलब्ध तथ्याङ्क र सूचना आदानप्रदान गर्ने | उपलब्ध तथ्याङ्क र सूचना सरकोरवालाहरुमा आदानप्रदान | | | | |
| ७.८ | बाह्य मिचाहा प्रजातिका सम्बन्धमा कार्य गर्ने अन्तर्राष्ट्रिय निकायहरुसँग वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र मार्फत | अन्तराष्ट्रिय निकायहरुसँग सूचना आदान प्रदान | | | | |

| समयावधि (भएको आ.व.देखि वर्ष) | | | | | | जिम्मेवार निकाय | सहयोगी निकाय | बजेट रु. (लाख) |
|---|---|---|---|---|---|---|---|---|
| ५ | ६ | ७ | ८ | ९ | १० | | | |
| | | | | | | कृ.त.प.पं.वि.म./ व.त.वा.म./सम्बन्धित प्रदेश मन्त्रालयहरु/स्था.त. | व.त.भू.वि./कृ.वि/रा.नि.व सं.वि./व.वि/ सम्बन्धित प्रदेश मन्त्रालयहरु/ स्था.नि/वि.वि | ५० |
| | | | | | | कृ.त.प.पं.वि.म/ व.त.वा.म/सम्बन्धित प्रदेश मन्त्रालयहरु/स्था.नि. | व.त.भू.वि/कृ.वि/रा.नि.व. सं.वि./व.वि/सम्बन्धित प्रदेश मन्त्रालयहरु/ स्था.नि./वि.वि. | ३५ |
| | | | | | | प्ला.क्वा.त.वि.व्य.के./ व.अ.त.प्र.के./नेकृअप | व.त.भू.वि/कृ.वि/रा.नि.व. सं.वि./व.वि./सम्बन्धित प्रदेश मन्त्रालयहरु/ स्था.नि/वि.वि. | १० |
| | | | | | | प्ला.क्वा.त.वि.व्य.के/ व.अ.त.प्र.के/नेकृअप | व.त.भू.वि/कृ.वि/रा.नि.व. सं.वि./व.वि/ सम्वन्धित प्रदेश मन्त्रालयहरु/ स्था.नि./वि.वि. | १० |
| | | | | | | व.त.भू.वि./कृ.वि/रा. नि.व.सं.वि./व.वि/ सम्बन्धित प्रदेश मन्त्रालयहरु/स्था.नि./ वि.वि. | व.त.वा.म./कृ.त.प.पं.वि. म. | ३५ |
| | | | | | | व.अ.त.प्र.के. | कृ.त.प.पं.वि.म./ वतवाम/सम्बन्धित प्रदेश मन्त्रालयहरु | २० |

| | क्रियाकलापहरु | सूचाङ्क | (स्वीकृत | | | |
|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ |
| | सूचना आदान प्रदान गर्ने । | | | | | |
| ८ | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय साझेदारी, समन्वय, सहयोग तथा सञ्जाल विस्तार | | | | | |
| ८.१ | बाह्य मिचाहा प्रजाति सम्बन्धमा राष्ट्रिय सञ्जाल स्थापना गर्ने। | बाह्य मिचाहा प्रजाति सम्बन्धमा राष्ट्रिय सञ्जाल गठन | | | | |
| ८.२ | क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरुसँग समन्वय तथा साझेदारी गर्ने। | क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरुसँग समन्वय तथा साझेदारी | | | | |
| ८.३ | बाह्य मिचाहा प्रजाति व्यवस्थापनका लागि भएका सूचना, प्रविधि तथा अनुभवहरु आदानप्रदान गर्न बाह्य मिचाहा प्रजाति सम्बन्धमा नीतिगत बहस सञ्चालन गर्ने। | बाह्य मिचाहा प्रजाति व्यवस्थापन सम्बन्धमा नीतिगत बहस सन्चालन | | | | |
| ८.४ | बैश्विक जैविक विविधता फ्रेमवर्क र लक्ष्य बमोजिम बाह्य मिचाहा प्रजाति सम्बन्धी नियमित प्रतिवेदन जैविक विविधता महासन्धि सचिवालयमा पेश गर्ने । | जैविक विविधता महासन्धि सचिवालयमा बाह्य मिचाहा प्रजाति सम्बन्धी नियमित प्रतिवेदन पेश | | | | |
| | | | | | | |

कृ.त.प.पं.वि.मः कृषि तथा पशुपंछी विकास मन्त्रालय, व.त.वा.मः वन तथा वातावरण मन्त्रालय, व.त.भू.विः व.विः वनस्पति विभाग, स्था.निः स्थानीय तह वि.विःविश्वविद्यालय, प्ला.क्वा.त.वि.व्य.केः प्लान्ट क्वारेन्टिन अनुसन्धान परिषद।

| समयावधि (... भएको आ.व.देखि वर्ष) | | | | | | जिम्मेवार निकाय | सहयोगी निकाय | बजेट रु. (लाख) |
|---|---|---|---|---|---|---|---|---|
| ५ | ६ | ७ | ८ | ९ | १० | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | कृ.त.प.पं.वि.म./ व.त.वा.म./सम्बन्धित प्रदेश मन्त्रालयहरु | व.त.भू.वि/कृ.वि./रा.नि.व .सं.वि./व.वि./सम्बन्धित प्रदेश मन्त्रालयहरु/ स्था.नि./वि.वि. | |
| | | | | | | कृ.त.प.पं.वि.म./ व.त.वा.म./सम्बन्धित प्रदेश मन्त्रालयहरु | व.त.भू.वि/कृ.वि/रा.नि.व. सं.वि./व.वि./सम्बन्धित प्रदेश मन्त्रालयहरु/ स्था.नि./वि.वि. | १० |
| | | | | | | प्ला.क्वा.त.वि.व्य.के./ व.अ.त.प्र.के./नेकृअप | व.त.भू.वि/कृ.वि/रा.नि.व. सं.वि./व.वि./सम्बन्धित प्रदेश मन्त्रालयहरु/ स्था.नि./वि.वि. | ३० |
| | | | | | | व.त.वा.म. | कृ.त.प.पं.वि.म/व.अ.त.प्र. के/प्ला.क्वा.त.वि.व्य.के. | २० |
| | | | | | | | | ३३७५ |

...वन तथा भू-संरक्षण विभाग, कृ.विः कृषि विभाग, रा.नि.व.सं.विः राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, ...तथा विषादी व्यवस्थापन केन्द्र, व.अ.त.प्र.केः वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, ने.कृ.अ.पः नेपाल कृषि



नेपाल सरकार

**वन तथा वातावरण मन्त्रालय**

**वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र**

बबरमहल, काठमाडौं

वन विकासका लागि अनुसन्धान

RESEARCH FOR FOREST DEVELOPMENT